# वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

(मधेश प्रदेश सरकार, वन तथा वातावरणको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत कार्यक्रम तथा विनियोजित बजेटको लागि)

मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको मिति २०८२/१०/११ गतेको निर्णयानुसार

(मा.मन्त्रीस्तर) स्वीकृत

मधेश प्रदेश सरकार

**वन तथा वातावरण मन्त्रालय**

जनकपुरधाम, नेपाल

२०८२

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

# वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

प्रस्तावनाः मधेश प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०८० बमोजिम वन तथा वातावरणसंग सम्वन्धित क्षेत्रगत जिम्मेवारी बोकेको यस वन तथा वातावरण मन्त्रालय एवम् मातहतका कार्यालयहरुः प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट प्रदेश सरकारद्वारा स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेट तथा कार्यक्रमलाई प्रचलित ऐन, नियम, मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयले यो वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि यस मन्त्रालय तथा मातहतका निकायहरुबाट आ.व. २०८२/०८३ मा सम्पन्न हुने क्रियाकलापहरु सञ्चालन गर्न मधेश प्रदेशमा लागू हुनेछ ।

(३) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(४) यस कार्यविधि बमोजिमका कार्यहरु सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का साथै प्रचलित बिषयगत ऐन कानुनको अधिनमा रही स्वीकृत प्रचलित नर्म्स र जिल्ला दररेटलाई आधार मानी गर्नुपर्नेछ ।

(५) यस कार्यविधिमा जुन सुकै कुरा उल्लेख भएता पनि खरिद सम्वन्धि कार्यक्रमहरु संघीय र मधेश प्रदेशको खरिद ऐन, नियमावलीमा उल्लेख भएको प्रावधानको प्रतिकूल हुने गरी कुनैपनि क्रियाकलाप सञ्चालन गर्न पाइने छैन ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम तथा मातहतका कार्यालयहरुबाट आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन गर्नको लागि मधेश प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय र मातहत स्थापना भएका प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु र स्थापना हुने कार्यालयहरुलाई समेत सम्झनु पर्छ ।

(ग) "निर्णयानुसार" भन्नाले कार्यक्रम प्रयोजनको लागि कुनै कानुनी आधार नरहेको अवस्थामा मन्त्रालय वा मुख्यमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्‌को निर्णयलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ ।

(ङ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतका महाशाखा सम्झनु पर्छ।



जीवनाथ ... प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
बन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(च) "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकाय सम्झनु पर्छ ।

(छ) "प्रचलित कानुन" भन्नाले संघ र प्रदेश सरकार मधेश प्रदेशले निर्माण गरेका तथा हाल कार्यान्वयनमा रहेका कानुनहरुलाई सम्झनुपर्छ ।

(ज) "वातावरणमैत्री क्रियाकलापहरु" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन हुने निर्माण सम्वन्धी क्रियाकलापहरु कार्यान्वयन गर्दा सकभर सिमेन्ट, फलाम जस्ता वस्तुहरुको प्रयोग नगरी/कम प्रयोग गरी स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरु जस्तैः काठ, ढुंगा, माटो, खर आदिको प्रयोग गरी गरिने क्रियाकलापलाई सम्झनुपर्छ । सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम र हरियालीजन्य क्रियाकलापहरुलाई प्राथमिकता दिने समेत जनाउँदछ ।

(झ) "उपभोक्ता समिति" भन्नाले संघ सरकार र प्रदेश सरकारको प्रचलित उपभोक्ता समिति सम्वन्धि कार्यविधि वमोजिमको प्रक्रिया अनुसार गठन हुने समितिलाई जनाउँदछ ।

## परिच्छेद-२: कार्यविधि, साझा प्रक्रिया, अनुगमन मुल्याङ्कन

**३. कार्यक्रम सञ्चालनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः** (१)स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) स्वीकृत वार्षिक कार्यक्रम सवन्धमा मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०८/१७ को निर्णय नं. ४ मा उल्लेख भएको "मधेश प्रदेश सरकारको आ.व.२०८२/८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेका रु २५(पच्चीस) लाख भन्दा माथिका सबै योजना तथा कार्यक्रमहरु अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धामा आधारित रहेर खुला बोलपत्रबाट कार्यान्वयन गर्ने" निर्णयको प्रतिकूल हुने गरी कुनैपनि क्रियाकलाप सञ्चालन गर्न पाइने छैन ।

(३) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने ।

(४) स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्कयता अनुसार कार्यविभाजन गरी कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने ।

(५) क्रियाकलापहरुको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूहक्षेत्र स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थान पहिचान गर्ने।

(६) विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाईन तथा लागत अनुमान तयार गर्ने । कार्यालयमा विषयगत प्राविधिक नभएको अवस्थामा स्थानीयतह, प्रदेश तथा संघीय सरकारी कार्यालयका प्राविधिक वा निजी क्षेत्रको समेत सेवा खरिद गरी कार्य सञ्चालन गर्न सकिनेछ ।

(७) विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्न सकिनेछ ।

(८) कार्यालयहरुबाट सञ्चालन हुने तालिम तथा अनुसन्धानका विषयहरुमा बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(९) यस कार्यविधि बमोजिम कार्यालयहरुबाट सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार जस्ता नियमित कार्यहरु कार्यालयका मौजुदा जनशक्ति मार्फत सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्ने ।

(१०) लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई समेत आधार लिइनेछ ।

(११) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको प्रकृति अनुसार कन्टिन्जेन्सी रकम प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० अनुसार खर्च गर्न सकिनेछ ।

(१२) कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरि आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा मधेश प्रदेश सरकारको निर्णय, प्रदेश खर्च मापदण्ड निर्देशिका,२०८०, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ , बजेट कार्यान्वयन मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धी कानुनका साथै अन्य प्रचलित कानुन बमोजिम कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।

(१३) कार्यक्रम प्रारम्भ गर्नु भन्दा अघि कार्यक्रमको बारेमा जानकारी गराउने र कार्यक्रम सम्पन्न भईसके पछि कार्यान्वयन गर्ने उपभोक्ता समितिले सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

(१४) रु.१० लाखभन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण खुल्ने गरी सम्बन्धित आयोजना स्थलमा सम्बन्धित कार्यक्रमबाट नैं खर्च व्यहोर्ने गरी सकभर काठको वा अन्य उपयुक्त होर्डिङ बोर्ड राख्नु पर्ने ।

(१५) लैंगिक तथा सामाजिक समावेशीकरणलाई केन्द्रबिन्दुमा राखि विभिन्न उपायहरु सञ्चालन गर्न सकिनेछ ।

(१६) कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरि सञ्चालन गर्नु पर्नेछ ।

(१७) कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सञ्चालन गर्नु भन्दा पहिले मधेश प्रदेश सरकारको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० तथा प्रचलित ऐन नियममा भएका प्रावधान अनुसार गर्ने ।

(१८) यस कार्यविधिमा उल्लेख नभएका तर स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन, नियम, नर्म्स, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

(१९) कार्यक्रम सम्पन्न भए पछि हरेक कार्यको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ ।

(२०) कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम वा सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हार्भेष्टिङ्ग आदि) अमानतबाट गर्दा कम्तिमा वन सेवाको पाँचौं तह सम्मको कर्मचारी(रेञ्जर)ले प्रचलित नर्म्स, निर्देशिका र मापदण्डहरुको अधीनमा रही लागत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन गर्नु पर्नेछ ।

(२१) सम्पन्न कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन, मर्मत सम्भार र लाभ लिनको लागि उपभोक्ता समूहले आवश्यक व्यवस्थापन गर्नु पर्नेछ ।

(२२) लागत अनुमानमा देहायका विषयहरु समावेश गर्नेः

(क) कार्यक्रम/क्रियाकलापको शिर्षक

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(ख) कार्यक्रम सञ्चालन हुने स्थान (GPS location सहित)

(ग) कार्यक्रमको डिजाइन, नक्सा, इकाई, परिमाण, प्रति इकाई लागत र कुल लागत अनुमान र जनसहभागिताको अंश

(घ) लाभ प्राप्त गर्ने घरधुरी संख्या

(ङ) स्रोत साझेदारीको अवस्था

(२३) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा निम्न विषयहरु स्पष्ट खुलाउने

(क) कार्यक्रमको नाम

(ख) कार्यक्रमको पृष्ठभूमि

(ग) कार्यक्रमको लक्ष्य र उद्देश्य

(घ) कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र

(ङ) लक्षित समूह सम्वन्धि बिवरण, लाभान्वित घरधुरी, जनसंख्या

(च) कार्यक्रम सञ्चालन विधि र प्रक्रिया

(छ) कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान

(ज) कार्यक्रमको कुल लागत (कार्यालय र उपभोक्ताको तर्फवाट व्यहोरिने रकम छुटाछुटै उल्लेख गर्ने)

(झ) अपेक्षित उपलब्धिहरु

(ञ) कार्यक्रमको मर्मत सम्भारको व्यवस्था

४. **कार्यक्रम सञ्चालन विधिः** यसमा उल्लेख भएका कार्यक्रमहरु प्रचलित कानुनको अधीनमा रही निम्नानुसार सञ्चालन गरिनेछ ।

(१) अमानतबाट कार्यालयले सम्पादन गर्ने नियमित कार्यहरु

(२) उपभोक्ता समूह वा समितिबाट

(३) टेण्डर/ठेक्कापट्टाबाट

(४) परामर्श सेवा खरिदबाट

(५) साझेदारी वा सम्झौताबाट

(६) सरकारी तथा गैरसरकारी संस्थाबाट

नोटः- यस कार्यविधिमा जुन सुकै कार्यक्रम सञ्चालन विधि लेखिएको भएतापनि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०८/१७ गतेको निर्णय नं. ४ को प्रतिकूल हुने गरी क्रियाकलाप सञ्चालन गर्न पाइने छैन ।

५. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तपसिल बमोजिम गरिनेछ।

(१) प्रदेश वन निर्देशनालयले अनुगमन योजना बनाई नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण दिने ।

(२) कार्यक्रम सञ्चालन गर्ने निकायहरुले योजना बनाई नियमित रुपमा अनुगमन गरी समयमैं पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

७. वातावरण अनुगमनको लागि आवश्यक उपकरण खरिद गर्नेः (१) यस कार्यक्रममा विनियोजित रकमबाट वन श्रोत सर्वेक्षण/रुखको जानकारी लिनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तैः GPS, PH/ORP,DO,CD/TDS meter, Sound Level Meter, Air Quality Monitor, Soil Moisture Meter, Soil PH Meter, Gaseous pollutant sampler, Stack Emission Monitoring Kit(stack sampler+probe set+Vaccum pump) आदि खरिद गर्न सकिने छ। वन श्रोत तथा वातावरण सर्वेक्षण लगायतका प्राविधिक कार्यलाई सहज, सरल र पारदर्शी बनाउन विद्युतीय सूचना प्रविधिसँग जोडी संकलित तथ्याङ्कहरुलाई व्यवस्थित गरिनेछ। उपकरण खरिद गर्न खरिद इकाइले खरिद गरिने उपकरणको सूचि तयार गरी Specification लिइ खरिद सम्वन्धि प्रचलित ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावलीको व्यवस्था अनुसार खरिद गरिने छ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) यस कार्यक्रमबाट वन स्रोत सर्वेक्षण/वातावरण अनुगमन कार्यमा सहयोग पुग्नेछ ।

८. सवारी साधन खरिद(मोटरसाईकल/स्कुटर) : (१) यस कार्यक्रममा विनियोजित बजेट मन्त्रालय तथा मातहतका निकायहरुलाई अति आवश्यक रहेको मोटरसाईकल/स्कुटर जस्ता सवारी साधन खरिदमा प्रयोग हुनेछ। वनको संरक्षण तथा व्यवस्थापन कार्यलाई सहज, सरल र पारदर्शी बनाउन सवारी साधन खरिद प्रचलित ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही गरिनेछ। मोटरसाईकल/स्कुटर खरिदको लागि Specification तयार गर्न लगाई सोको आधारमा लागत अनुमान स्वीकृत गराई प्रचलित कानुन बमोजिम खरीद गरी व्यवस्थापन गरिनेछ ।

(२) वन तथा वातावरण मन्त्रालयको विद्यमान जनशक्ति तथा सेवा प्रदायकबाट जनशक्तिको व्यवस्थापन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) वनको दिगो व्यवस्थापनमा यान्त्रिकीकरण भई वन संरक्षण तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुने।

९. नेपाल टि.भीको सहकार्यमा वन तथा वातावरण बारेमा प्रचारप्रसार कार्यः

(१) नेपाल टेलिभिजन/ रेडियो नेपालसँगको सहकार्यमा प्रदेश भित्रका वन, वातावरण, जैविक विविधता तथा जलाधार लगायतका विषयमा सर्वसाधारण माझ जनचेतना अभिवृद्धि गर्नुका साथै तथ्यपरक जानकारीहरुको सँगालो निर्माण गरी प्रसारण गर्नु हो।

(२)प्रदेश भित्रका वन तथा वातावरण क्षेत्रको सूचनाहरु समेटी छायाँकन गरिनेछ तथा प्रसारण गरिनेछ।

(३)यस कार्यको लागि G to G (सरकार बाट सरकार) को अवधारणामा आधारित भई नेपाल टेलिभिजन/ रेडियो नेपालसँग सम्झौता गरी कार्य संचालन गरिनेछ।

(४)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।


जीवनाथ पौडेल
प्रदेश सचिव

श्री मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(५)यो कार्यक्रम संचालनवाट वन, वातावरण, जैविक विविधता, जलाधार, जलवायु परिवर्तन लगायतका विषयमा संरक्षण एवम् संदेशमूलक सामग्री निर्माण तथा प्रसारण भई प्राकृतिक स्रोत व्यवस्थापनमा सर्वसाधारणमा जनचेतना अभिवृद्धि हुने ।

१०. **दिवस समारोह (वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस लगायतका दिवस):** (१)यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने दिवस समारोह जस्तैः:वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, विश्व सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित निर्धारित वा आवश्यक ठहरिने दिवस/समारोह सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

(२) यसको लागि वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुले आफ्नो आवश्यकतानुसार कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गराई आवश्यक रकम एकल रुपमा वा अन्य संघ संस्थाको साझेदारीमा समेत खर्च गर्न सक्नेछन्।

(३) वन तथा वातावरण मन्त्रालय र मातहतका कार्यालयका कर्मचारी तथा अन्य सम्वन्धित सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको सहयोग तथा सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) वन, वातावरण, जैविक विविधता, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धि हुनेछ।

११. **चुरे क्षेत्रको स्थलगत समस्या सम्बोधन कार्यक्रम :** (१) यस कार्यक्रम अन्तरगत तराई मधेशको लाईफ लाईनको रुपमा रहेको चुरे क्षेत्रको स्थलगत भ्रमण गरी आकस्मिक रुपमा बाढी, पहिरोले कटान गरी गाउँ वस्ती जोखिममा रहेको र सो समस्या तत्काल सम्बोधन गर्न आवश्यक रहेको अवस्थामा उक्त स्थानको संरक्षण व्यवस्थापन गर्न यो कार्यक्रम प्रस्ताव भएको हो ।

(२) यसको लागी वन तथा वातावरण मन्त्रालयले खटाएका कर्मचारीवाट सरोकारवाला निकायसंग समन्वय गरी, पहिचान गरी, प्राथमिकता तोकि लागत अनुमान तयार गर्न लगाई/गरी स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम संचालन गर्ने छ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ ।

(४) यसवाट सम्वन्धित चुरे क्षेत्रको स्थलगत समस्याको पहिचान भई चुरे संरक्षण तथा व्यवस्थापन कार्यमा टेवा पुग्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

१२. गाडी सेड निर्माणः (१) मन्त्रालयमा कार्यरत कर्मचारीहरुले प्रयोग गर्ने सवारीसाधन लाई सुरक्षित गर्नको लागि यस कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरिएको हो। यस कार्यमा जस्ताको छानो र फलामे पाइप प्रयोग गरी निर्माण गरिने छ ।

(२) यस कार्यक्रमको लागि मन्त्रालयले कर्मचारी आवास नजिक निर्माण गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ ।

(४) गाडी सेड निर्माण पश्चात् कर्मचारीहरुको प्रयोगमा रहेका गाडीहरु सुरक्षित हुनेछ।

(५) निर्माण कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

१३. ऐन, नियमावली, कार्यविधि, निर्देशिका तयारी/संसोधन (१) वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधि, कार्य योजना तयार गर्न प्रचलित कानुनको अधिनमा रही यस शिर्षकमा विनियोजित रकम नियमानुसार खर्च गरिनेछ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट तथा समृद्धिका लागि वन परियोजना लगायत अन्य श्रोतबाट उपलब्ध हुनेछ ।

(३) वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालय वा सेवा प्रदायक व्यक्ति वा संस्थाबाट जनशक्तिको व्यवस्थापन गरिनेछ।

१४. वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक तहमा अध्ययनरत बिधार्थीहरुलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोगः (१) वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक तहमा अध्ययनरत बिधार्थीहरुलाई स्नातक तहमा यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र बनाई सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविधालय लगायतका अन्य विश्वविधालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा सोधपत्र गराईनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिनु पर्नेछ।

उपर्युक्त अनुसारको क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत स्नातक तहको विद्यार्थीहरुलाई शोधपत्र तयारको प्रतिवेदन तयारी पश्चात स्नातक तहको लागि बढीमा रु. ३५,०००/- अनुदान सहयोग उपलब्ध गराइनेछ। यसमा विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, स्थलगत अध्ययन, प्रस्तुतिकरण, प्रतिवेदन तयारी/सम्पादन, अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ । यसमा आ.व.२०८१/८२ मा यसै शिर्षक कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत भएको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्वन्धी कार्यविधि,२०८१ बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

यस कार्यक्रम सम्पन्न गर्न सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

(क) जनशक्ति व्यवस्थापन वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।

(ख) सहयोग तथा समन्वयः स्वदेशी विश्वविधालय तथा क्याम्पसहरु।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) वन तथा वातावरण क्षेत्रमा नयाँ नयाँ अध्ययन अनुसन्धानको कार्यहरु प्रतिवेदन तयार भई कार्यान्वयन हुनेछ।

**१५. वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातोकतर तहमा अध्ययनरत बिधार्थीहरुलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोगः** (१) वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातकोत्तर तहमा अध्ययनरत बिधार्थीहरुलाई स्नातकोत्तर तहमा यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र बनाई सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविधालय लगायतका अन्य विश्वविधालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा सोधपत्र गराईनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिनु पर्नेछ।

उपर्युक्त अनुसारको क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत स्नातकोत्तर तहको विद्यार्थीहरुलाई शोधपत्र तयारको प्रतिवेदन तयारी पश्चात स्नातक तहको लागि बढीमा रु. ४५,०००/- अनुदान सहयोग उपलब्ध गराइनेछ।यसमा विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, स्थलगत अध्ययन, प्रस्तुतिकरण, प्रतिवेदन तयारी/सम्पादन, अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ ।

यस कार्यक्रम सम्पन्न गर्न सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयवाट स्वीकृत गराई प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ । यसमा आ.व.२०८१/८२ मा यसै शिर्षक कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत भएको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्वन्धी कार्यविधि,२०८१ वमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

(क) जनशक्ति व्यवस्थापन वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।

(ख) सहयोग तथा समन्वयः स्वदेशी विश्वविधालय तथा क्याम्पसहरु।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) वन तथा वातावरण क्षेत्रमा नयाँ नयाँ अध्ययन अनुसन्धानको कार्यहरु प्रतिवेदन तयार भई कार्यान्वयन हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री

१६. वन विज्ञानसँग सम्बन्धित बिषयमा स्नातक तहमा अध्ययनरत ईन्टर्न बिधार्थीहरुलाई अनुदान सहयोगः

(१) वन विज्ञानसँग सम्बन्धित बिषयमा स्नातक तहमा अध्ययनरत विधार्थीहरुलाई यस प्रदेशमा अध्ययनको कार्यक्षेत्र वनाई ईन्टर्न विद्यार्थीलाई सहयोग उपलब्ध गराउन मान्यता प्राप्त स्वदेशी विश्वविधालय लगायतका अन्य विश्वविधालय तथा क्याम्पससँग समेत समन्वय र सहकार्यमा उपलब्ध गराईनेछ। साथै मधेश प्रदेशका स्थायी बासिन्दा, महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिनु पर्नेछ। ईन्टर्न विद्यार्थीहरुलाई अनुदान सहयोग सम्वन्धी कार्यविधि, २०८१ बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

उक्त अनुसारको क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई यस मन्त्रालयले स्नातक तहको ईन्टर्न विद्यार्थीलाई प्रतेक महिना १००००।० को दरले बढीमा रु. ४०,०००/- अनुदान स्वरुप उपलब्ध गराइनेछ।

यस कार्यक्रम सम्पन्न गर्न सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

(क) वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।

(ख) सहयोग तथा समन्वयः स्वदेशी विश्वविधालय तथा क्याम्पसहरु ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) अध्ययनरत विद्याथीहरुलाई बन तथा वातावरण मन्त्रालय र मातहतको कार्यालयको कार्य क्षेत्रमा सम्पादन गर्नुपर्ने कामका बारेमा अभ्यासात्मक ज्ञान प्राप्तिका साथै वन तथा बातावरण क्षेत्रमा आवश्यक नवीनतम अध्ययन अनुसन्धानको कार्यहरुका प्रतिवेदन तयार भई मन्त्रालयलाई प्राप्त हुने।

१७. मुख्यमन्त्री वातावरणीय स्वच्छता अभिवृद्धि कार्यक्रम(मधेश भवन): (१) यस कार्यक्रममा विनियोजित बजेट जनकपुरधाम स्थित प्रदेश सरकारको मुख्यालय रहेको स्थान मधेश भवन परिसर भित्र दैनिक रुपमा हुने गरेको फोहरमैला व्यवस्थापन गर्ने कार्य गरिनेछ।

(२) यो कार्यक्रम सेवा प्रदायक संघ/संस्था मार्फत वा मन्त्रालयले प्रचलित कार्यविधी ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधि भित्र रही खर्च गर्न सकिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) प्रदेश सरकारको मधेश भवन हाता भित्र स्वच्छ वातावरण निर्माण हुने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**१८. अन्तरप्रदेश स्तरीय वन संरक्षण व्यवस्थापन सम्बन्धी अन्तरक्रिया/गोष्ठी/बैठकः** (१) विषयगत सवालहरुलाई सम्बोधन गर्न सम्बन्धित अन्तरप्रादेशिक सरोकारवाला विच अन्तरप्रादेशिक छलफल,गोष्ठी, बैठक गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

(२) यो कार्य प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन/नियमावली र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट बमोजिम कार्य सम्पादन गरिनेछ।

(३) वन तथा वातावरण मन्त्रालयको विद्यमान जनशक्तिवाट कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) अन्य प्रदेशसंगको समन्वय, सहयोग र सहकार्यमा अभिवृद्धि भई अन्तरप्रादेशिक विवाद समाधान भई वनक्षेत्रको दिगो विकासमा सहयोग पुग्ने ।

**१९. कार्यालय भवन निर्माण/निर्मित भवनको संरचना सुधारः** (१) कार्यालयको आफ्नै भवन निर्माण गरी तथा भएको संरचनाको मर्मत सम्भार गरी प्रभावकारी सेवा प्रवाहलाई अझ सहज एवं सरलीकृत गर्ने उदेश्यका साथ यो कार्यक्रम प्रस्ताब गरिएको हो ।

(२) वन तथा वातावरण मन्त्रालयको भवन निर्माण, मर्मत सुधार कार्य गर्न यो शिर्षकमा विनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नुपर्नेछ।

(३) कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

(क) भवन निर्माण तथा मर्मत भएको स्थान र निर्मित भवनको फोटो ।

(ख) कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति ।

(ग) कार्यक्रमको वित्तीय प्रगति ।

(४) कार्यक्रम संचालनको लागि मन्त्रालय तथा मातहतका कार्यालय वा अन्य सरकारी निकायका प्राविधिकको सहयोग लिई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) कार्यालयको आफ्नै भवन निर्माण तथा मर्मत सम्भार भई भौतिक पूर्वाधार सवलीकरण भई प्रभावकारी कार्यालय संचालन सहजता हुनेछ।

**२०. वार्षिक प्रगति प्रतिवेदनः** (१) यस मन्त्रालय, निर्देशनालय र मातहतका निकायहरुको कार्यक्षेत्र, कार्यविवरण, कार्यक्रम, अनुगमन प्रतिवेदन, प्रगतिलाई समावेश गरी आफ्नो वार्षिक पुस्तिका प्रकाशन गरी वितरण गर्नु पर्नेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) यो कार्यक्रमवाट विगत वर्षको गतिविधि, खर्च र उपलब्धिको स्पष्ट अभिलेख हुने, कार्यक्रम/योजनाको सफलताको मापन सहज हुने, समस्या, चुनौती र सुधारका उपाय पहिचान हुने, आगामी नीति, कार्यक्रम तथा बजेट तथ्यमा आधारित हुने, संस्थागत पारदर्शिता, जवाफदेहिता र विश्वास बढ्ने ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

२१. सडक छेउछाउका पानी जम्ने क्षेत्र, तलाब, पोखरी, सिमसार क्षेत्रमा कमलको बीउ छर्ने तथा जल वृक्षारोपण कार्यक्रमः(१) सडक छेउछाउका पानी जम्ने क्षेत्र, तलाब, पोखरी, सिमसार क्षेत्रको सौन्दर्यता बढाउन, जल-पारिस्थितिकीय प्रणालीको संरक्षण, जल स्रोतहरुको सरसफाइ र दीर्घकालीन संरक्षण र स्थानीय जनतामा जल-जन्य वातावरणीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ।

(२)यस कार्यक्रम निम्नलिखित तरिका मार्फत सञ्चालन गरिनेछः यो कार्यक्रम संचालन वन तथा वातावरण मन्त्रालयले सोझै वा सेवा प्रदायक मार्फत गर्न सकिनेछ ।

- स्थान पहिचान र सर्वेक्षणः स्थान छनोट गर्ने, सफा गर्ने, बीउ तयार गर्ने र बिरुवा व्यवस्थापन गर्ने,
- बीउ उमार्ने/छर्नेः पोखरी, तलाब, सिमसार तथा पानी जम्ने क्षेत्रमा समूहगत रुपमा बिउ छर्ने,
- जल वृक्षारोपण गर्नेः पानीको किनारको उपयुक्त स्थानमा बिरुवा रोप्ने,
- घेराबारः बिरुवा सुरक्षा गर्न आवश्यक संरचना बनाउने,
- सजावटः काठको बोर्ड राख्ने, नाम ट्याग, सन्देश बोर्ड राख्ने,

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) यस कार्यक्रमद्धारा जलस्रोत संरक्षण र पुनःस्थापना भई हरित आवरणमा वृद्धि हुनेछ।

**२२. प्रदेशस्तरिय चुरे संवाद महोत्सवः** (१) यस कार्यक्रम अन्तरगत तराई मधेशको लाईफ लाईनको रुपमा रहेको चुरे क्षेत्रको संरक्षण वर्तमान समयमा साझा सरोकारको विषय भए पनि सबै सरोकारवालाहरुले आ आफ्नो तरीकाले संरक्षणका क्रियाकलापहरु सञ्चालन गरिरहेको सन्दर्भमा चुरे दिवस प्रत्येक आषाढको २ गते मनाउने क्रममा चुरे संरक्षणमा सबै सरोकारवालाहरुको समान बुझाई कायम भई भावी कार्य योजना तर्जुमामा सहयोग मिलोस भन्ने अपेक्षा राखी प्रदेश स्तरिय चुरे संवाद महोत्सव कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

(२) यसको लागी वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, उपभोक्ता समुहहरु र सम्वन्धित सरोकारवालाहरुसंग समन्वयको आधारमा कार्यक्रम तय गरी स्वीकृत नर्मसको आधारमा लागत अनुमान तय गरी खर्च गर्ने ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ ।

(४) यसबाट चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन बारेमा साझा अवधारणा कायम भई प्रचार प्रसारमा सहयोग पुग्ने छ ।

**२३. मधेश जैविक उद्यान (zoological garden)/चिडियाखाना स्थापना को डिपिआर :** (१) मधेश प्रदेशमा जैविक विविधता, वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण, शैक्षिक अनुसन्धान, पर्यटन प्रवर्द्धन र मनोरञ्जनको उद्देश्यले आधुनिक मापदण्ड अनुसारको मधेश जैविक उद्यान स्थापना गर्ने योजना हो।

(२) कार्यक्रम संचालन प्रकृयाः

जीवनाथ पौडेल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(क) आर्थिक,सामाजिक,वातावरणीय, भौगोलिक, प्राविधिक पक्षहरु समेतको विश्लेषण गर्न उद्यान स्थापना सम्भाव्यता अध्ययन गरिनेछ ।

(ख) उद्यान स्थापनाको लागि आवश्यक जग्गाको क्षेत्रफल, उपलब्धता(प्राप्ति)को सुनिश्चितता गरिने छ

(ग) उद्यान स्थापनाको लागि आवश्यक पुर्वाधार निर्माण गर्दा प्रचलित Standard स्तरका तोकिएको मापदण्डलाई विशेष ख्याल गरिने छ ।

(घ) आवश्यक पुर्वाधारहरुको डिजाईन, लागत अनुमान, नक्शाङ्कन समेत समावेश हुनेगरी DPR(Detail Project Report) तयार गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रकृया अवलम्वन गर्दै सेवा प्रदायक मार्फत गरिनेछ ।

(३) यो कार्यक्रम सम्पादन गर्न आवश्यक बजेट स्वीकृत बार्षिक कार्यक्रममा भए बमोजिम हुनेछ ।

(४) DPR तयारीको कार्य जैविक उद्यान /चिडियाखाना निर्माण हुने निकायवाट हुने छ । सोको भुक्तानिका लागि सो निकायले कार्य सम्पन्न सहित भुक्तानिको लागि मन्त्रालयमा ३(तिन) संलग्न प्रति DPR सहित पेश गर्नु पर्ने ।

(५) उपलब्धिः मधेश प्रदेशमा जैविक उद्यान/ चिडियाखाना स्थापनाका लागि DPR तयार हुनेछ ।

**२४. मधेश जैविक उद्यान (Zoological Garden) /चिडियाखाना स्थापनाः** (१) स्वीकृत मधेश जैविक उद्यानको DPR मा उल्लेख भएका डिजाईन र ईस्टिमेट समेतका भौतिक पुर्वाधारहरु मध्ये बजेटको परिधि र पुर्वाधार निर्माणको प्रथमिकताक्रम यकिन गरी सो अनुसारका पुर्वाधार निर्माण गर्न यो कार्यक्रम प्रस्ताव गरीएको हो ।

(२) उपरोक्तमा विनियोजित बजेट DPR तयारी गर्ने र चिडियाखाना निर्माण गर्ने निकायलाई नै अपुग भएमा रकमान्तर/हस्तान्तरण गर्ने व्यवस्था मिलाउने छ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(३) उपलब्धिः मधेश प्रदेशमा तोकिएको मापदण्ड अनुसारको जैविक उद्यान/चिडियाखाना स्थापनाको लागि पुर्वाधार निर्माण हुदै जाने ।

**२५. योजना तर्जुमा गोष्ठी :** (१) प्रत्येक वर्ष यस मातहतका कार्यालयहरुबाट सञ्चालन भएको कार्यहरुको समीक्षा गरिने र सञ्चालन गरिने क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। यस योजना तर्जुमा कार्यमा प्रदेश वन निर्देशनालय, वन अनुसंधान तथा तालिम केन्द्र , डिभिजन वन कार्यालय , भू तथा



जीवनाथ पौडेल
प्रदेश सचिव

जलाधार व्यवस्थापन कार्यालयका प्रमुखहरु तथा अन्य सरोकारवालाहरुको सहभागितामा सञ्चालन गरिनेछ । कार्यक्रमको सान्दर्भिकता हेरी प्रदेश तथा जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही वार्षिक योजना तर्जुमा गोष्ठी सञ्चालन गरिनेछ। यस गोष्ठीमा सम्वन्धित सहभागी हुने निकायहरुबाट तोकिएको मापदण्ड, बजेटको परिधि, नीति तथा कार्यक्रम, आवाधिक योजना समेतका आधारमा प्रथमिकता तोकी कार्यक्रम र बजेट प्रस्ताव गर्नेछ ।

(२) यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, सञ्चार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गरी खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विल भर्पाइ सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) आगामी आ.व.को योजनाहरु निर्माणमा सहयोग पुग्नेछ ।

२६. नीति कार्यक्रम तथा बजेट निर्माण : (१) प्रत्येक वर्ष यस मन्त्रालयले यस प्रदेशको वन तथा वातावरण क्षेत्रको समूचित विकासको लागि नयाँ आर्थिक वर्ष शुरु हुनु पूर्व वन तथा वातावरण क्षेत्रको समुचित विकासको लागि नीति निर्माण तथा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका क्षेत्रहरुको लागि बजेट निर्माण , बजेट सिलिङ् तयार गर्ने कार्य गर्नु पर्ने हुन्छ । उक्त कार्य उपयुक्त ढंगले सञ्चालन सम्पादन गर्न माननीय वन तथा वातावरण मन्त्री, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा तालिम केन्द्र , डिभिजन वन कार्यालय , भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुखहरु तथा अन्य सरोकारवालाहरुको सहभागितामा समेत सञ्चालन गर्नु पर्ने हुन्छ ।तसर्थ यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा, हल भाडा, सञ्चार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गरी खर्च गर्न सकिनेछ ।यो कार्यक्रम सम्पन्न गर्न नियमानुसार मन्त्रालयले समिति गठन गरी सो समितिमा विज्ञ समेत आमन्त्रित गरी विज्ञको संलग्नतामा बैठक समेत गरी कार्यक्रम सम्पन्न गर्न सकिनेछ ।बैठक/गोष्ठीमा भएको उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विल भर्पाइ सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरु र सम्वन्धित अन्तर्गतका निकायले तोकीएको Software मा कार्यक्रमहरु प्रविष्ट गराउनु पर्नेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.ब.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) आगामी आ.ब.को योजनाहरु निर्माणमा सहयोग पुग्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

२७. प्रचार प्रसार सामग्री तयारी तथा प्रकाशनः (१) यस कार्यक्रममा विनियोजित रकम नागरिक जन चेतना अभियान( विधालयस्तर, प्रदेशमा मनाइने चाँड पर्वको बेलामा सचेतनामुलक सास्कृतिक महोत्सवको आयोजन, रेडयो कार्यक्रम,सडक नाटक, पोष्टर, भित्ते लेखन, पम्पलेट होर्डिङ्ग वोर्ड, भेष्ट, हाफ ज्याकेट, टिशर्ट, स्टिकर, डायरी आदि ) प्रचार प्रसार तथा सामग्री उत्पादन तथा वितरणमा खर्च गर्न सकिनेछ।

(२) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतवाट संचालन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) सरोकारवालाहरुमा जनचेतना अभिवृद्धि भई वन, बातावरण, जलाधार, जैविक विविधता, वन्यजन्तु संरक्षणमा थप प्रभावकारिता अभिवृद्धि हुनेछ।

**२८. मधेश प्रदेशमा भएका मिचाहा वनस्पति/सुनाखरी लगायत वनस्पतिको अभिलेखीकरण र चेकलिष्ट प्रकाशन** : (१) मधेश प्रदेशको वातावरणीय सन्तुलन, जैविक विविधता र कृषिजन्य उत्पादनमा मिचाहा **(Invasive Alien Species – IAS)** वनस्पतिले ठूलो चुनौती खडा गरेको छ।

(२) काँडे झार (Lantana camara), आइकर्निया (Eichhornia crassipes, जलकुंभी), माइक्रान्था आदिले वन क्षेत्र, कृषि, सिँचाइ, नदी किनार, सडक किनारा र सार्वजनिक भूमि अतिक्रमण गरी वातावरणीय क्षति पुऱ्याइरहेकाछन्।

यसलाई व्यवस्थित गर्न वार्षिक रुपमा अभिलेखीकरण **(Documentation)**, सूचीकरण **(Checklist)** र प्रकाशन गर्ने कार्य आवश्यक छ।

(२) यसको उद्देश्य

- मधेश प्रदेशमा पाइने मिचाहा/आक्रमणकारी वनस्पतिको पहिचान र सूचीकरण।
- समय– समयमा ती वनस्पतिको स्थिति **(Distribution, Density, Impact)** को अभिलेख तयार गर्ने।
- अनुसन्धान र नीति निर्माणमा उपयोग हुने चेकलिष्ट प्रकाशन गर्ने।
- मिचाहा वनस्पति नियन्त्रण तथा व्यवस्थापनका लागि आधारभूत डाटाबेस उपलब्ध गराउने।

(३) यो कार्य सेवा प्रदायक मार्फत अगाडि बढाईने छ । तोकीएका क्षेत्रका सरोकारवालहरुको उपस्थितिमा अन्तरकृया गरी सोवाट आएका विषयवस्तुहरुको अभिलेख तयार गरिनेछ ।

(४) यस कार्यक्रमको लागि आवश्यक बजेट आ.व. २०८२/८३ को विनियोजित बजेटबाट व्यवस्थापन गरिनेछ। विनियोजित बजेट सर्वेक्षणको लागि गठित टोली/ समूहको दैनिक भ्रमण भत्ता, पारिश्रमिक लगायत नमुना संकलन तथा चेकलिष्ट प्रकाशनको लागि लाग्ने नियामानुसार खर्च गर्न सकिनेछ ।

(५) अभिलेखीकरण कार्यबाट प्राप्त तथ्याङ्कको आधारमा चेकलिष्ट तयार गरी प्रकाशन गरिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम

(६) यस कार्यक्रमबाट प्रदेशभित्र जैविक विविधता संरक्षणका लागि आधारभूत तथ्याङ्क उपलब्ध हुने, संरक्षण र नीति निर्माणमा सहयोग पुग्ने, साथै अनुसन्धान तथा शैक्षिक प्रयोजनका लागि प्रमाणिक चेकलिष्ट उपलब्ध हुने अपेक्षा गरिएको छ।

**२९. संकटापन्न अवस्थामा रहेका वनस्पतिको बासस्थान पहिचान र संरक्षण सम्बन्धी कार्यक्रमः** (१) मधेश प्रदेशमा जैविक विविधता धनी भए पनि विभिन्न मानवीय क्रियाकलाप (वन अतिक्रमण, शहरीकरण, अधिक दोहन, चरन दबाब, जलवायु परिवर्तन) का कारण संकटापन्न (**Endangered**) वनस्पति प्रजातिहरू को संख्या बढ्दो अवस्थामा छ। यसको दीर्घकालीन संरक्षणका लागि तिनका प्राकृतिक बासस्थान पहिचान, नक्सांकन र व्यवस्थापन गर्न वार्षिक कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

(२) उद्देश्य

- संकटापन्न प्रजाति र तिनका बासस्थानको पहिचान र नक्सांकन।
- प्रजाति– विशेष अध्ययन र अभिलेखीकरण (Documentation) गर्ने।
- बासस्थान संरक्षण र व्यवस्थापनका लागि स्थानीय समुदायको संलग्नता बढाउने।
- संरक्षणका लागि नीति, योजना र आधारभूत तथ्यांक उपलब्ध गराउने।

(३) यो कार्य सेवा प्रदायक मार्फत अगाडि बढाईने छ । तोकीएका क्षेत्रका सरोकारवालहरुको उपस्थितिमा अन्तरकृया गरी सोवाट आएका विषयवस्तुहरुको अभिलेख तयार गरिनेछ ।

(४) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट संचालन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६). अपेक्षित उपलब्धि

- मधेश प्रदेशका संकटापन्न वनस्पतिको अपडेटेड डेटाबेस र नक्सांकन।
- स्थानीय र प्रादेशिक स्तरमा संरक्षण कार्यक्रम कार्यान्वयन।
- जैविक विविधता संरक्षण नीति निर्माणमा उपयोग हुने आधारभूत तथ्यांक।
- स्थानीय समुदायमा सचेतना र सहभागिता वृद्धि।
- दीर्घकालमा संकटापन्न प्रजाति संरक्षण र पुनर्स्थापन।

**३०. मधेश वनस्पति उद्यान (Botanical Garden) को डिपिआरः** (१) मधेश प्रदेशमा जैविक विविधता, वनस्पति तथा प्राकृतिक सम्पदाको संरक्षण, शैक्षिक अनुसन्धान, पर्यटन प्रवर्द्धन र मनोरञ्जनको उद्देश्यले आधुनिक मापदण्ड अनुसारको मधेश वनस्पति उद्यान स्थापना गर्ने योजना हो।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(२) कार्यक्रम संचालन प्रकृयाः

(क) आर्थिक,सामाजिक,वातावरणीय, भौगोलिक, प्राविधिक पक्षहरु समेतको विश्लेषण गर्न उद्यान स्थापना सम्भाव्यता अध्ययन गरिनेछ ।

(ख) उद्यान स्थापनाको लागि आवश्यक जग्गाको क्षेत्रफल, उपलब्धता(प्राप्ति)को सुनिश्चितता गरिने छ

(ग) उद्यान स्थापनाको लागि आवश्यक पुर्वाधार निर्माण गर्दा प्रचलित Standard स्तरका तोकिएको मापदण्डलाई विशेष ख्याल गरिने छ ।

(घ) आवश्यक पुर्वाधारहरुको डिजाईन, लागत अनुमान, नक्शाङ्कन समेत समावेश हुनेगरी DPR(Detail Project Report) तयार गर्ने कार्यका लागि प्रचलित कानून बमोजिमको प्रकृया अवलम्वन गर्दै सेवा प्रदायक मार्फत गरिनेछ ।

(३) यो कार्यक्रम सम्पादन गर्न आवश्यक बजेट स्वीकृत बार्षिक कार्यक्रममा भए बमोजिम हुनेछ ।

(४) उपलब्धिः मधेश प्रदेशमा मधेश वनस्पति उद्यान स्थापनाका लागि DPR तयार हुनेछ ।

## ३१. मधेश वनस्पति उद्यान (Botanical Garden) को निर्माण :

(१) स्वीकृत मधेश वनस्पति उद्यानको DPR मा उल्लेख भएका डिजाईन र ईस्टिमेट समेतका भौतिक पुर्वाधारहरु मध्ये बजेटको परिधि र पुर्वाधार निर्माणको प्रथमिकताक्रम यकिन गरी सो अनुसारका पुर्वाधार निर्माण गर्न यो कार्यक्रम प्रस्ताव गरीएको हो ।

(२) उपरोक्तमा विनियोजित बजेट DPR तयारी गर्ने र मधेश वनस्पति उद्यान (Botanical Garden) को निर्माण गर्ने निकायलाई नै अपुग भएमा रकमान्तर/हस्तान्तरण गर्ने व्यवस्था मिलाउने छ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(३) उपलब्धिः मधेश प्रदेशमा तोकिएको मापदण्ड अनुसारको मधेश वनस्पति उद्यान स्थापनाको लागि पुर्वाधार निर्माण हुदै जाने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

३२. पिडितसंग प्रदेश सरकार अन्तरगर्तका कार्यक्रम(जलवायू परिवर्तन, वन्यजन्तु दन्द वन वातावरणसंग सम्वन्धित पिडित)ः(१) जलवायु परिवर्तनका प्रतिकूल असर, वन्यजन्तु द्वन्द्व, डढेलो, बाढी, सुख्खा, पहिरो तथा अन्य वातावरणीय संकटका कारण मधेश प्रदेशमा ठूलो संख्यामा जनता प्रभावित भएका छन्। यसले जन– धनको क्षति, खाद्यान्न तथा जीवनस्तरमा गिरावट ल्याउने गरेको छ। पीडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत प्रत्यक्ष प्रभावित जनतालाई राहत, पुनर्स्थापना तथा दिगो समाधान प्रदान गर्ने उद्देश्यले बजेट विनियोजन गरिएको छ।

(२) उद्देश्यः

- प्रभावित नागरिकलाई तत्काल राहत सामग्री उपलब्ध गराउने।
- दीर्घकालीन दिगो पुनर्स्थापना र जीविकोपार्जनमा सहयोग पुऱ्याउने।
- वन्यजन्तु द्वन्द्व तथा जलवायुजन्य प्रकोप न्यूनीकरणका लागि पूर्वाधार तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।
- जोखिम न्यूनीकरण र दिगो अनुकूलन कार्यलाई संस्थागत गर्ने।

(३) कार्यक्रम सञ्चालन प्रक्रियाः

- पीडित तथा समस्या पहिचान गर्न वन तथा वातावरण मन्त्रालय तथा सरोकारवाला सम्मिलित समिति गठन गर्ने र प्रभावित समुदायसंग अन्तरकृया गरी घटनाबारे तथ्यांक संकलन गर्ने।
- प्राथमिकता निर्धारणः सबैभन्दा बढी प्रभावित परिवार/क्षेत्रलाई प्राथमिकतामा राख्ने। नदि किनार क्षेत्रमा जोखिममा रहेका नदि प्रणालीमा प्रत्यक्ष आश्रित समुदाय (जस्तै,माझी,मलाह, केवट आदी)लाई समिति मार्फत आकस्मिक संरक्षण सम्वन्धी सामग्री (Forest fire Equipments, Flood/Landslide control management Equipments, Human wildlife conflict management) सहयोग प्रदान गरिनेछ।
- पुनर्स्थापना सहयोगः कृषिउपकरण, बीउबिजन, पशुपालन सामग्री, व्यवसाय प्रवर्द्धनमा सहयोग।

(४) बजेट व्यवस्थापनः

यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ ।

(५) अपेक्षित उपलब्धिः

- पीडित नागरिकले तत्काल राहत सामग्री पाउने ।
- वन्यजन्तु द्वन्द्व, बाढी, जलवायु प्रकोपबाट प्रभावित ब्यक्ति तथा समुदायको उत्थानशिलतामा सहयोग।
- प्रभावित क्षेत्रमा दिगो जीविकोपार्जन ।
- वातावरणीय संरक्षण र प्रकोप न्यूनीकरणमा स्थानिय समुदायमा सकृय सहभागितामा अभिबृद्धि।
- प्रदेश सरकारप्रति जनविश्वास अभिवृद्धि।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

३३. **कार्यक्रम सञ्चालन कार्यविधि तयारी कार्यान्वयनः**(१) यस मन्त्रालयले यस प्रदेश भरी स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने कार्यहरुको मार्ग निर्देशन गर्ने उद्देश्यकालागि कार्यविधि निर्माणा गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएकोछ । यस कार्यक्रम सञ्चालन गर्दा कार्यदल बनाइ विभिन्न सरोकारवालाहरुको सहभागितामा विभिन्न तहमा छलफल गरी ऐन नियमावली तयारी गरी कार्यान्वयन गरिनेछ ।

(२) उल्लेखित शिर्षकको रकम कार्यदलको बैठक, भत्ता, खाजामा नियामानुसार खर्च गर्न सकिनेछ ।

(२) वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) कार्यक्रम सञ्चालन कार्यविधि निर्माण भई कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने ।

३४. **वनस्पति उद्यानमा धनुषा वाटिका व्यवस्थापनः** (१) धनुषा वाटिका वनस्पति उद्यान भित्रको एक विशेष भाग हो, जसको उद्देश्य जैविक विविधता संरक्षण, स्थानीय वनस्पतिहरूको संरक्षण– प्रदर्शन, वातावरणीय शिक्षा, अनुसन्धान तथा मनोरञ्जन प्रवर्द्धन गर्ने हो। यसले वनस्पतिहरूको संरक्षणसँगै सांस्कृतिक, सामाजिक र पर्यटन मूल्य अभिवृद्धि गर्छ।

(२) धनुषाधाम वनस्पति उधानमा धनुषवाटिका भित्रको जग्गामा राशीवाटिका, ग्रह वाटिका र नक्षत्र वाटिकाको निर्माणका लागि उक्त ३ वटै वाटिकाको चारैतिर ६ फिट बाटो निर्माण र घेरावेरा गरिनेछ ।

(३) विनियोजित बजेट व्यवस्थापन समिति वा खरिद सम्बन्धी कानूनमा भए बमोजिम हुने छ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

३५. **एक ब्यक्ति, एक रुख कार्यक्रम संचालनः**(१) "एक व्यक्ति, एक रुख" कार्यक्रम वातावरणीय संरक्षण, हरित विकास र जलवायु परिवर्तन अनुकूलनको उद्देश्यले ल्याइएको सामुदायिक– सहभागी कार्यक्रम हो। यसले हरेक नागरिकलाई वन संरक्षण र वृक्षारोपणमा प्रत्यक्ष संलग्न गराई सामूहिक अभियानलाई राष्ट्रिय अभियानमा परिणत गर्ने उद्देश्य राख्दछ ।

(२) मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रदेशमा बसोबास गर्ने प्रत्येक नागरिकले कम्तिमा १ बिरुवा निशुल्क प्राप्त गरेर वृक्षारोपण गरुन भन्ने उद्देश्यले यस शिर्षकमा बजेट विनियोजन गरिऐको छ ।

(३) यस कार्यक्रममा विनियोजित बजेटको पचास प्रतिशत रकम सचेतना अभिबृद्धिको लागि प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण गरिनेछ ।बाँकी रहेको रकमबाट बिरुवा खरिद, ढुवानी, वितरण, अनुगमन, प्रतिवेदन लगायतका कृयाकलापहरुमा खर्च गरिनेछ ।

(४) कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

(क)संचालित कृयाकलापको फोटो ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(ख) कार्यक्रमको संख्यात्मक, भौतिक तथा वित्तीय प्रगति ।

(४) कार्यक्रम सञ्चालन वन तथा वातावरण मन्त्रालय वा संघसंस्था मार्फत कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) अपेक्षित उपलब्धि: वातावरणीय संरक्षण, हरित विकास र जलवायु परिवर्तन अनुकूलन सम्वन्धि सचेतना अभिवृद्धि तथा जीविकोपार्जनमा सहयोगी हुनेछ ।

**३६. विभिन्न प्रदेशमा भएको सफल अध्ययन अनुसन्धानको अवलोकन गर्ने :** (१) विभिन्न प्रदेशमा वन तथा वातावरणको क्षेत्रमा सफल अध्ययन अनुसंधान तथा कृयाकलापहरुको अध्ययन अवलोकन गर्न तथा सफल नतिजाको अनुकरण गर्न यस कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ ।

(२) कार्यक्रम सञ्चालन गर्दा अमानतवाट वा प्रचलित आर्थिक ऐन नियम पालना गरी गर्नुपर्नेछ। वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरुको सहभागितामा विभिन्न प्रदेशमा सफल कार्यक्रम, कृयाकलापहरुको अवलोकन गरिनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न विषयहरु समावेश गर्नुपर्नेछ।

(क) संचालित कृयाकलापको फोटो

(ख) कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र वित्तीय प्रगति

(३) यो शिर्षक अन्तरगतको बजेट भ्रमण गर्ने कर्मचारीहरुको दै.भ्र.भत्ता र यातायातमा खर्च गर्न सकिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) अपेक्षित उपलब्धि: अध्ययन अवलोकन पश्चात भ्रमण गरिएका प्रदेशको सफल कृयाकलापहरुको अनुकरण गरिनेछ ।

**३५. दिगो वन व्यवस्थापन कार्यको अनुगमन :** (१) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वन तथा वातावरण मन्त्रालय र सरोकारवालाहरुको सहभागितामा यस प्रदेशका जिल्लाहरुमा दिगो वन व्यवस्थापन सम्बन्धी भए गरेको कार्यहरुको प्राथमिकताका आधारमा अनुगमन गर्नको लागि बजेट विनियोजन गरिऐको छ।

(२) प्रचलित आर्थिक ऐन नियम पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

(क) संचालित कृयाकलापको फोटो

(ख) अनुगमन गरेको फोटो ।

(ग) कार्यक्रमको संख्यात्मक भौतिक र वित्तीय प्रगति

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(४) अनुगमन पश्चात दिगो वन व्यवस्थापनमा टेवा पुग्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

**३७. विज्ञहरुको संलग्नतामा वातावरण अनुगमन** (१) वातावरणीय संरक्षण, दिगो विकास र जलवायु परिवर्तन अनुकूलनका लागि वैज्ञानिक तथ्यमा आधारित वातावरण अनुगमन अपरिहार्य हुन्छ। यस कार्यक्रम अन्तर्गत विभिन्न विषयगत विज्ञको संलग्नतामा वातावरणीय अवस्था, असर र जोखिमहरूको अवस्था विश्लेषण गरिनेछ।

(२) नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक अधिकारको प्रवर्द्धनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार यस प्रदेश अन्तर्गत सञ्चालित कृयाकलापहरु र कलकारखानाबाट निस्केका पदार्थहरुबाट वातावरणमा परेको प्रभाव तथा असरहरु र स्विकृत वातावरणीय व्यवस्थापन योजनाको कार्यन्वयनको अवस्था, अवलोकन, भ्रमण, अनुगमन निरिक्षण गरी सोको विश्लेषण प्रतिवेदन पेश गर्ने कार्यको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ।

(३) प्रचलित आर्थिक ऐन नियम पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

(क) संचालित कृयाकलापको फोटो

(ख) अनुगमन गरेको फोटो ।

(ग) कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति

(घ) कार्यक्रमको वित्तीय प्रगति

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) स्थलगत अनुगमन पश्चात प्राप्त प्रतिवेदनको कार्यन्वयनले वातावरण प्रदूषण न्यूनिकरणमा टेवा पुग्नेछ ।

**३८. वन क्षेत्र सम्वन्धी राष्ट्रिय/अन्तराष्ट्रिय सभा सम्मेलनमा सहभागीता खर्च** (१) वन क्षेत्र नेपालको प्राकृतिक सम्पत्ति, जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन र आर्थिक विकाससँग प्रत्यक्ष सम्बन्धित छ। यस क्षेत्रका मुद्दा, चुनौती तथा अवसरलाई अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्न र अन्य देशका अनुभव, ज्ञान तथा प्रविधि सिकेर ल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी र तालिमहरूमा सहभागिता आवश्यक हुन्छ। सहभागीता खर्च व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ ।

(२) वन क्षेत्र सम्वन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सभा/सम्मेलनमा सहभागीता सुनिश्चित गर्न खर्च व्यवस्थापनलाई व्यवस्थित बनाउने। सम्मेलनबाट प्राप्त ज्ञान, अनुभव र प्रतिवेदनलाई नीति तथा कार्यक्रम विकासमा प्रयोग गर्ने।

३. संचालन प्रक्रिया

(क) सहभागी छनौट

- मन्त्रालयले सहभागी छनौट गर्ने।

(ख) पूर्वतयारी

- सम्मेलन/सभा अघि विषयगत अध्ययन सामग्री तयार गर्ने।



जीवन ... पौडेल
प्रदेश सचिव

* आवश्यक परेमा नेपालका उपलब्धि, चुनौती र प्रतिवद्धता माथि प्रस्तुति गर्न सक्नेछ।

(ग) सहभागिता पछि

* सहभागी टोलीले प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्ने।
* प्रतिवेदनलाई कार्यान्वयन तहसम्म लैजान समन्वय गर्ने।

(४) प्रचलित आर्थिक ऐन नियम पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न विषयहरु समावेश गर्नुपर्नेछ।

(ङ) संचालित कृयाकलापको फोटो
(च) अनुगमन गरेको फोटो ।
(छ) कार्यक्रमको संख्यात्मक भौतिक र वित्तीय प्रगति

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट र अन्य श्रोतवाट प्राप्त अनुसार हुनेछ।

## परिच्छेद-४ः प्रदेश वन निर्देशनालय तर्फ

३९. साईन्स पार्क एवं प्लानेटेरियमको डि.पि.आर. सहित गुरुयोजना तयारीः (१) साईन्स पार्क एवं तारामंडल (Planetarium) एक थिएटर हो, जुन खगोल विज्ञान र रातको आकाशको बारेमा शैक्षिक र मनोरन्जनात्मक कार्यक्रम प्रस्तुत गर्दछ वा आकाशीय नेभिगेशनको प्रशिक्षण गर्दछ। विज्ञान संग्रहालय र तारामंडल एक अन्तर्क्रियात्मक जटिल गतिविधि हो जसले प्रदर्शन, मोडेल, मल्टिमेडिया प्रस्तुतिकरण र वास्तविक वस्तुहरूको विस्तृत श्रृंखला प्रदर्शन गर्दछ।

(२) यसको जटिल उद्देश्य प्रदेश साईन्स पार्क तथा प्लानेटेरियम स्थापनाको लागि डि.पि.आर. सहितको गुरु योजना तयारी तथा भावी दिनमा स्थापना गरी संचालन गर्ने वातावरण तयार गर्नु हो।

(३) कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) स्थान छनौट गर्न स्थानीय तह तथा सम्वन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरिने।
(ख) आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने।
(ग) डिपिआर तयारी एवम् स्विकृति।
(घ) गुरुयोजना तयारी एवम् स्वीकृति ।
(ङ) यो कार्य सम्पन्न गर्नको लागि विज्ञान तथा प्रविधि प्रतिष्ठानसँग पनि समन्वय गरिने ।
(च) यो कार्यक्रम संचालनको लागि प्रचलित कानूनको परिधि भित्र रही पहिलो चरणमा सेवा प्रदायक मार्फत डि.पि.आर. सहितको गुरुयोजना तयार गर्न कार्य विवरण (ToR) तयारी तथा स्वीकृती गर्ने, दोश्रो चरणमा स्वीकृत कार्य विवरण अनुसारको कार्य संचालन गर्न प्रचलित कानून बमोजिम सेवा प्रदायक आह्वान तथा छनौट गरी कार्यान्वयन गरिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
बन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(छ) यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन, नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

(४) कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिने

(क) कार्यक्रमको भौतिक तथा भारित प्रगति ।

(ख) कार्यक्रमको डि.पि.आर. सहितको गुरुयोजना ।

(ग) कार्यक्रमबाट अपेक्षित उपलब्धिहरु, प्रभावहरु र असरहरु ।

(घ) कार्यक्रम सम्बन्धी फोटोहरु ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)डिभिजन/सव-डिभिजन वन कार्यालयहरुमा काठ दाउराको डिपो निर्माण गरी काठ दाउराको आपूर्ति तथा बिक्री वितरण ब्यवस्थापन सहज हुनेछ।

**६९. फर्निचर तथा फिक्सर्स खरिद:**(१)यस कार्यक्रममा बिनियोजित रकम मन्त्रालय तथा मातहतका कार्यालयहरूका लागि ब्यवस्थित तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक फर्निसिङ्ग सामग्री-कुर्सी, सोफासेट, टेवल, कार्पेट, पर्दा, पलङ्ग र्‍याक, दराज लगायतका खरिद, ढुवानी तथा फिक्सिङ्ग गर्ने कार्यमा खर्च गर्न सकिने छ। रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन नियम पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ।

(२)मन्त्रालय तथा मातहत कार्यालयबाट सार्वजनिक सार्वजनिक खरिद ऐन नियम अनुसार गरिनेछ।

(३)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)मन्त्रालय तथा मातहतका कार्यालयहरूको ब्यवस्थापन सहज भई सेवा प्रवाहको प्रभावकारितामा थप अभिवृद्धि हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**७०. मेशिनरी तथा औजार खरीद**:(१)यस कार्यक्रममा विनियोजित रकम मन्त्रालय तथा मातहत कार्यालयहरूलाई थप व्यवस्थित गराई सेवा प्रवाहलाई चुस्तदुरुस्त एवं प्रभावकारी बनाउन कम्प्यूटर, ल्यापटप, डेस्कटप, सोलार, ब्याट्री, ईन्भर्टर, क्यामरा, कार्यालय प्रयोजन मोबाइल, डिजिटल हाजिरी मेशिन, सि.सि.टि.भी क्यामरा, डिजिटल तथा फरेस्ट टेक्निकल ईक्वीपमेन्ट लगायतका अत्यावश्यक सामग्रीहरु प्रचलित ऐन, नियम अनुसार खरिद गर्न सकिनेछ।

(२)मन्त्रालय तथा मातहत कार्यालयबाट सार्वजनिक खरिद ऐन नियम अनुसार गरिनेछ ।

(३)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)मन्त्रालय तथा मातहतका कार्यालयहरूको व्यस्थापन सहज भई सेवा प्रवाहको प्रभावकारितामा थप अभिवृद्धि हुनेछ।

**७१. शितलहर तथा अग्निपिडित जस्ता दैवीप्रकोपमा परेकालाई काठ दाउरा निःशुल्क वितरण**:(१)मधेश प्रदेशमा जाडो याममा शितलहर तथा गर्मी याममा हुने आगलागी पिडितहरुलाई तत्काल राहत प्रदान गर्न काठ दाउरा निःशुल्क वितरण प्रदान गर्नको लागि यो कार्यक्रम राखिएको हो।

(२)यसको मुख्य उद्देश्य मधेश प्रदेशमा जाडो याममा शितलहर तथा गर्मी याममा हुने आगलागी पिडितहरुलाई तत्काल राहत प्रदान गर्न काठ दाउरा निशुल्क वितरण गर्न लाग्ने राजश्व रकम यस कृयाकलापबाट उपलब्ध गराउनु हो।

(३)मधेश प्रदेशमा जाडो याममा शितलहर तथा गर्मी याममा हुने आगलागी पिडितहरुलाई तत्काल राहत प्रदान गर्न काठ दाउरा निशुल्क वितरण गरिने छ।

(४)कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेः

(क)कार्यक्रमको भौतिक तथा भारित प्रगति

(ख)कार्यक्रमको उपलब्धि प्रभाव र असर

(ग)कार्यक्रम सम्वन्धी फोटोहरु

(५) वन तथा वातावरण मन्त्रालय प्रदेश वन निर्देशनालय डिभिजन वन कार्यालय जिल्ला वन पैदावार आपुर्ति समिति अदि।

(६) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(७)जाडो याममा शितलहर तथा गर्मी याममा हुने आगलागी पिडितहरुलाई तत्काल राहत उपलब्ध हुनेछ।

**७२. कार्यालयहरुको व्यवस्थापन सुधार वा सव डिभिजन वन कार्यालयको व्यवस्थापन कार्यक्रम कार्यक्रम सञ्चालन प्रक्रिया**:(१)यस कार्यक्रममा विनियोजित कार्यालयहरुको व्वस्थापन सुधार वा सव डिभिजन वन कार्यालयहरुलाई व्यवस्थित तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक कार्पेट , फर्निचर तथा अधारभूत भाँडाकुडा, सामान्य मर्मत तथा रंगरोगन कम्प्युटर, ल्यापटप, डेस्कटप, सोलार, ब्याट्री, ईन्भर्टर, क्यामरा तथा फरेस्ट Technical Equipment, ईन्टरनेट लगायतका अत्यावश्यक सामग्रीहरु प्रचलित ऐन, नियम अनुसार

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
... मन्त्रालय
...पुरधाम

खरिद गरी व्यवस्थापन गर्न सकिनेछ। यसमा उल्लेखित कार्य कार्यालयहरुको व्वस्थापन सुधार वा सव डिभिजन वन कार्यालयलाई आवश्यक पर्ने वस्तु तथा सामग्रीहरुको सूची लिई सव-डिभिजन वन कार्यालयहरु मार्फत सार्वजनिक खरिद एन नियम बमोजिम नै व्यवस्थापन गर्न लगाउनु पर्नेछ।

(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा डिभजन वा सव डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ ।

(३)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)कार्यालयहरु वा सव डिभिजन वन कार्यालयहरूको व्यवस्थापन सहज भई सेवा प्रवाहको प्रभावकारितामा वृद्धि हुनेछ।

७३. सामुदायिक वन/कबुलियती वन/साझेदारी वन गठन/पुनर्गठन, दर्ता/हस्तान्तरण तथा नवीकरण सहयोगः(१)वन ऐन, २०७६, प्रदेश वन ऐन, २०७७, वन नियमावली, २०७९, प्रदेश वन नियमावली, २०८१, दिगो वन व्यवस्थापन कार्यविधि २०८१, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ (तेश्रो संशोधन) तथा वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर मात्र यस कार्यक्रम बमोजिमका क्रियाकलापहरु सम्पन्न गर्नुपर्नेछ। सामुदायिक वन/कबुलियती वन/साझेदारी उपभोक्ता समूह गठन तथा दर्ता प्रक्रियामा सहजीकरण शिर्षकमा उपलब्ध बजेटबाट टोल समुदाय छलफल, गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, सञ्चार र विधान तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ।त्यसै गरी कार्ययोजना तयारी कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर (सहायकस्तर पाचौं) तहका वन प्राविधिकबाट हुनुपर्नेछ। यसका लागि सामुदायिक वनको अवस्था अनुसार वन स्रोत सर्वेक्षण गर्ने तथा GPS बाट सीमा सर्वेक्षण तथा Permanent sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्सा समेत समावेश गर्नुपर्नेछ। कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल र समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, सञ्चार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ।

(२)कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नु पर्ने छः

(क) गठित समूहको नाम र ठेगाना,
(ख) सामुदायिक वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या,
(ग) कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व),
(घ) बैठकको खाजा खर्चको लागि माईन्युटको छायाँ कपि समेत संलग्न गर्नु पर्ने,
(ङ) स्वीकृत विधान र कार्ययोजना,
(च) समूह गठन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो/भिडियोहरू।

(३)डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ। साथै यो कार्यक्रम सामुदायिक वन समूहहरुसँगको समन्वय तथा सहकार्यमा सञ्चालन गर्नु पर्नेछ। साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थाबाट समेत गराउन सकिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वातावरण मन्त्रालय
पुरधाम

(४)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(५)सामुदायिक वन उपभोक्ता समूहको गठन भई समूह मार्फत राष्ट्रिय वनको संरक्षण तथा व्यवस्थापन हुने।

७४. सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वनको अनुगमन, मूल्याङ्कन पुस्तिका प्रकाशन समेतः(१)सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वनको अवस्था र समूह सञ्चालनका विविध पक्षहरुको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्नेहुन्छ। तसर्थ सामुदायिक वनहरुको हकमा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको प्रक्रियाहरु तथा वन कार्य योजनामा निर्दिष्ट गरिएका कार्यहरु सञ्चालन भए नभएको परीक्षण गर्न हस्तान्तरित सवै सामुदायिक वनहरुको निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ। त्यसै गरी कबुलियती वन कार्यक्रमको हकमा डिभिजन वन कार्यालयहरुले अनुगमनका सूचकहरुको निर्माण गरी कवुलियती वनको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ। डिभिजन तथा सव-डिभिजन वन कार्यालय, जिल्ला समन्वय समिति, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, विभिन्न पालिकामा रहेका कृषि सेवा शाखा, पशु सेवा शाखा, महिला तथा वालबालिका शाखा कार्यालयका प्रतिनिधि र पत्रकार लगायतवाट संयुक्त रुपमा समेत अनुगमन कार्य गर्न सकिनेछ। साथै कार्यक्रम कार्यान्वयनको क्रममा अनुगमन टोलीमा खटिने कर्मचारी तथा प्रतिनिधिहरुको भ्रमण खर्च, इन्धन, गाडी भाडा, खाजा समेत यसै शिर्षकको बजेट रकमबाट खर्च गर्न सकिनेछ।साथै अनुगमनबाट प्राप्त नतिजाहरुलाई लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वनवनहरुलाई आवश्यक निर्देशन प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।यो कार्यक्रम सम्पन्न गर्न आवश्यकता अनुसार स्थलगत फिल्ड निरीक्षण, समूहसँग छलफलमा चिया खाजा, स्टेशनरी, मसलन्द तथा इन्धन, तथ्याङ्क विश्लेषण एवं छपाई आदि कार्यमा आवश्यक बजेट खर्च गर्न सकिनेछ।कार्यक्रम सम्पन्न भएपछि सव-डिभिजन वन कार्यालय अनुसारका अनुगमन गरिएका सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वन समूहको संख्या तथा गतिविधि विश्लेषण सहितको अनुगमन पुस्तिका प्रकाशन गरिनेछ। साथै यसरी अनुगमन गर्दा सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वन कार्यक्रम लागू भएका जिल्लाहरुमा भएका सफल अभ्यासहरु, सकंलित तथ्याङ्कहरू वन तथा वातावरण मन्त्रालय र प्रदेश वन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(२) डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु, वन प्राविधिक सहायक, सामाजिक परिचालकबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) सामुदायिक वन,कवुलियति वन,धार्मिक वन तथा साझेदारी वनहरुको अनुगमन निरीक्षणबाट आवश्यक पृष्ठपोषण प्राप्त भई कार्यक्रम कार्यान्वयनमा सहजता हुनुका साथै अगामी आर्थिक वर्षको योजना निर्माणमा समेत थप सहयोग पुगनुका साथै अनुगमन पुस्तिका समेत प्रकाशन हुनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय जनकपुरधाम, नेपाल

[illegible] प्रसाद चौधरी
मन्त्री
[illegible] वातावरण मन्त्रालय
[illegible], जनकपुरधाम

**७५. मुद्दा अनुसन्धान तथा अभियोजन तथा दायरी खर्चः**(१)वन ऐन तथा वन नियमावली विपरित भएका कार्यहरुका अनुसधान तथा तहकिकातका लागि वन मुद्दा अनुसन्धान गर्ने क्रममा हुने खर्च बापतका भुक्तानीका लागि विनियोजित रकम कर्मचारी तथा सुरक्षा निकाय एवं स्थानीय समुदाय परिचालन गर्दा आवश्यक पर्ने दैनिक भ्रमण भत्ता, यातायात, इन्धन, फिल्ड गियर, बिमा, प्राथमिक उपचार आदि कार्यमा समेत खर्च गर्न सकिनेछ।

(२)डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह, सुरक्षा निकायका कर्मचारीको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित वजेट अनुसार हुनेछ।

(४)वन तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने ।

**७६. वन डढेलो नियन्त्रण गर्न वन डढेलो सप्ताह चैत्र १ देखि ७ सम्म विशेष कार्यक्रमः**(१)सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणवाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ। कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ। वन डढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्य योजनामा उल्लेखित Action Plan एउटा मुख्य आधार हुनेछ। वन डढेलो नियन्त्रण गर्न वन डढेलो सप्ताह चैत्र १ देखि ७ सम्म विशेष कार्यक्रम गरी वन डढेलो सप्ताह मनाईनेछ।आवश्यकतानुसार नजिकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नुपर्दछ। यस शिर्षकमा व्यवस्था भएको रकम डढेलो नियन्त्रण समन्वय बैठक, नियन्त्रित वन डढेलो लगाउने, सञ्जाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुख्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ। अग्निरेखा निर्माण/मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, घाटगद्दी सरसफाई र व्यवस्थापन, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ। वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२)वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) डिभिजन वन कार्यालयहरुको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन हुने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

७७. जडिबुटी बिरुवा उत्पादन तथा खेती विस्तारः(१)मधेश प्रदेश अन्तर्गत रहेको आर्थिक रुपमा फलदायी र लोपोन्मुख जडिबुटीहरुको विस्तार र संरक्षणको लागि Zoning गरी उपयुक्त पकेट क्षेत्र र जडिबुटीहरुको पहिचान गर्न र उक्त जडिबुटिका बिरुवा उत्पादन गरी वृक्षारोपण गरी खेती विस्तार गर्न यो कार्यक्रम राखिएको हो।

(२)आर्थिक महत्त्वका जडिबुटीहरुको विस्तारको लागि उपयुक्त पकेट क्षेत्र र जडिबुटीहरुको पहिचान गरी खेती विस्तार गर्ने।

(३)मधेश प्रदेशमा रहेका सम्भावित जडिबुटीको उत्पादन क्षेत्र **(pocket area)** पहिचान गर्न सम्वन्धित विज्ञ वा सम्बन्धित वन प्राविधिक कर्मचारीहरुद्वारा प्रतिवेदन बनाइ जडिबुटीको खेती विस्तारको कार्य अगाडि बढाईनेछ।

(४)डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समुहको सहयोग र सहकार्यमा सञ्चालन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) भविष्यमा ब्लक र जोन का लागि वैज्ञानिक आधार स्थापना हुनुको साथै एउटा पकेट क्षेत्र पहिचान भै न्यूनतम एक जडिबुटी प्रजातिको खेती विस्तार हुनेछ

७८. सडक किनार वृक्षारोपण/ ट्रीगार्ड सहित/ जनकपुर ढल्केबर सडक किनार/ हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडकको किनारमा वृक्षारोपण, संरक्षण तथा व्यवस्थापनः(१) उद्देश्यः मधेश प्रदेशभित्र रहेका स्थानीय पालिका अन्तर्गतको सडक, हुलाकी सडक लगायत जिल्लाका प्रमुख सडक किनार तथा आसपास रहेका खाली उपयोग बिहीन जग्गाहरुलाई वृक्षारोपणको माध्यमबाट हरियाली कायम गरी यस प्रदेशलाई हरित प्रदेश बनाउन यस कार्यक्रमको लागि बजेट बिनियोजन गरिएको हो।

(२)यस कार्यक्रमको सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसंग वृक्षारोपण कार्यको संरक्षण गोडमेल लगायतको व्यवस्थापनको लागि अनिवार्य रुपमा समन्वय एवं सहकार्य गर्ने गरी प्रतिवद्धता सहितको पत्र तथा सोही वमोजिमको सम्झौता गरी वृक्षारोपण कार्य सञ्चालन गरिनेछ। कार्यक्रममा बिनियोजित रकम स्थानीय पालिका अन्तर्गतको सडक, हुलाकी सडक लगायत जिल्लाका प्रमुख सडक किनारका जग्गाहरुमा संरक्षण सहितको सुनिश्चितता हुने गरी तारबार वा ट्री गार्ड सहितको ३ फिटभन्दा अग्ला बहुवर्षिय बिरुवाको वृक्षारोपण गर्न, बिरुवा खरिद, ढुवानी, वृक्षारोपण समारोह आयोजना व्यवस्थापनमा टेन्ट, कुर्सी, साउण्ड सिस्टम, खाजा, खाना, ईन्धन, होर्डिङ्ग वोर्ड आदिमा भूक्तानी गर्नमा खर्च गर्न सकिनेछ।यस कार्यमा गत विगत आ.व.मा ट्रि-गार्ड सहित वृक्षारोपण भई सफल भईसकेको र हाल ट्रि-गार्डको आवश्यक नपर्ने भएमा उक्त पुरानो ट्रि-गार्ड पुनः प्रयोग समेत गर्न सकिनेछ तर पुरानो ट्रि-गार्ड प्रयोग गरेमा खरिद कार्यमा खर्च गर्न पाईने छैन ।आर्थिक ऐन तथा नियमावलीको परिधिभित्र रही खर्च गर्नु पर्नेछ । सडकको दाँयावाँया तथा मिडियन गरी विरुवाको

जीवनाथ पौडेल
प्रदेश सचिव

प्रजातिको प्रकृति, बृक्षारोपण गरिने ठाउँको अवस्था र आवश्यकता अनुसारको दुरीमा बिरुवा रोपण गरिनेछ। कार्य सम्पन्न भएपश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

(छ) बिरुवा रोपिएको स्थानको क्षेत्रफल/कि.मी. रोपिएको बिरुवाको जात र संख्या ।

(ज) सभा/समारोह आयोजना गरिएको प्रमुख अतिथि सहितको फोटो ।

(झ) कार्यक्रमको संख्यात्मक भौतिक प्रगति, वित्तीय प्रगति ।

(३) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ तथा बृक्षारोपण पछि सम्बन्धित स्थानीय तह/वडा कार्यालयलाई सो को संरक्षणका लागि हस्तान्तरण गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५) स्थानीय पालिका अन्तर्गतको सडक, हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनारका जग्गाहरुमा वृक्षारोपण भई हरियाली तथा स्वस्थ्य वातावरण एवं कार्वन संचितिमा वृद्धि हुनेछ।

**७९. मौजुदा नर्सरीलाई उच्च प्रविधियुक्त बनाउने तथा निर्मित नर्सरीको स्तर उन्नति** (१)डिभिजन वन कार्यालयहरु तथा मातहत कार्यालयमा विगत देखि नै सञ्चालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत, सुधार तथा स्तरोन्नति गरी उच्च प्रविधियुक्त नर्सरीको रुपमा विकास गरी त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्ने।

(२)लागत अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ । कार्य तालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी मर्मत, सुधारको कार्यहरु गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ।

(क) नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु

(ख) नर्सरी पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता

(ग) उत्पादित बिरुवाको जात र संख्या

(घ) मर्मत गर्दा लागेको खर्च

(३)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५)मौजुदा नर्सरीहरुको अवस्थामा सुधार भई गुणस्तरीय बिरुवा उत्पादनमा सहयोग पुग्नेछ र माग अनुसार आपूर्ति गर्न सकिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

८०. **वृक्षारोपण (स्कूल,मन्दिर,खाली वनक्षेत्र, ऐलानी, पर्ती, नदीउकास, शवदाहगृह, कब्रिस्तान क्षेत्र, अतिक्रमितक्षेत्र),संरक्षण र व्ययस्थापन:**(१)यस अन्तर्गत वृक्षारोपणका लागि उपलब्ध जग्गाहरु गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, सडक किनार, हैसियत बिग्रेको वन क्षेत्र (२० प्रतिशतभन्दा कम क्राउन कभर भएको) एवं नदी उकासबाट प्राप्त जग्गाहरु पहिचान गरी कार्य सञ्चालन गर्ने।

(२)वृक्षारोपण गरी वनक्षेत्र विस्तार, भू-क्षय नियन्त्रण, हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा जग्गाको सदुपयोग गर्नुको साथै वातावरण स्वच्छ र निर्मल बनाउने।

(३)वन क्षेत्रमा खाली जग्गा भएका समूहबाट वृक्षारोपणका लागि माग गरेको निवेदन लिने । सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट सर्भे नक्सा तयार गरी क्षेत्रफल अनुसार लागत अनुमान तयार गर्ने। यस कार्यक्रम अन्तर्गत उपलब्ध हुने जग्गा स-साना टुक्रामा विभाजित हुन सक्ने, सडकको किनारको जग्गा लामो हुने भएकोले यहाँ गरिएको वृक्षारोपणको संरक्षण कार्य केही खर्चिलो हुन सक्छ। त्यसैले राष्ट्रिय वनक्षेत्र बाहिर यस्ता वृक्षारोपणको व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य, स्थानीय संघ/संस्था परिचालन, उपभोक्ता समूहको गठन वा विपन्न वर्गको समूह गठन गरी केही समयका लागि अन्तरबाली लगाउन दिई सोही समूह मार्फत वृक्षारोपण संरक्षण एवं व्यवस्थापन सम्झौता गरी सञ्चालन गर्न सकिनेछ।वृक्षारोपण व्यवस्थापनका कार्यहरु (गत विगतमा भएका वृक्षारोपण क्षेत्रमा पुनःरोपन,गोडमेल,तारवार मर्मत,वन हेरालुको पारिश्रमिक) समेत यस शिर्षकबाट खर्च गर्न सकिनेछ। विभागीय नर्म्स अनुसार वृक्षारोपण कार्य सम्पन्न गर्दा सम्बन्धित समूहलाई प्रति हेक्टर उपलब्ध हुन सक्ने रकम उपलब्ध गराउने गरी सम्झौता गर्ने । वृक्षारोपण क्षेत्रलाई तारबार, जैविक बारबाट संरक्षण गर्नु पर्ने भएमा स्वीकृत जिल्ला दररेट तथा नर्म्स अनुसार लागत अनुमान तयार गर्ने र उपभोक्ता समूहसँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्नेछ । सामुदायिक र कबुलियती वन बाहेकका वन क्षेत्रहरुमा उपभोक्ता समूह गठन गरी वृक्षारोपण व्यवस्थापन कार्ययोजना बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ। वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (बारबेर, गोडमेल, पुनरोपण, सिंचाई, हेरालु आदिको) उपाय अवलम्बन गर्नुपर्नेछ।

(क)**वृक्षारोपण क्षेत्रको कार्ययोजना:** हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ। जसमा वृक्षारोपण क्षेत्रको नक्सा सहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्ययोजनामा कुन जातका के कति बिरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने, वन पैदावारको बिक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाँड कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुनु पर्दछ । यो कार्ययोजना डिभिजन वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ । प्रत्येक बर्ष गरिने वृक्षारोपणको क्षेत्रफल, स्थान, बिरुवा रोपिएको जात र संख्या, संरक्षणका उपाय, जिम्मेवार कर्मचारीको नाम सहितको विवरण अनिवार्य रुपमा छुट्टै अभिलेख राखी प्रत्येक बर्ष अपडेट गर्दै जानु पर्नेछ ।

(ख)**वृक्षारोपण क्षेत्रको संरक्षण:** वृक्षारोपण संरक्षणको लागि बारबेर गर्दा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैविक सामग्रीहरु जस्तै-सजिबन, निलकाँडा, बाँस र आवश्यकता अनुसार तारबार, मेस बायर, सडक किनारमा ट्री गार्ड आदिको प्रयोग गर्नुपर्दछ, साथै आवश्यकता

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ। यसमा वन व्यवस्थापन तथा संरक्षण गर्न जिम्मा पाएको संघसंस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनको अवस्था र बाँचेको बिरुवाको संख्याको आधारमा बढीमा तीन वर्षसम्म संरक्षण अनुदान/पारिश्रमिक दिन सकिनेछ ।

(ग) वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डः वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्वन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड अनिवार्य तयार गरी राख्नु पर्नेछ ।

(४)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)अपेक्षित उपलब्धिः

(क) सरकारी एवं नाङ्गा वनक्षेत्र, सार्वजनिक पर्ति एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा वृक्षारोपण भई वन क्षेत्र वृद्धि तथा जलबायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग हुनेछ।

(ख) रोपण गरिएका बिरुवाहरुको बाँच्ने र हुर्कने संभावना बढेर जानेछ ।

**८१. वन अतिक्रमण हटाई वृक्षारोपण तथा व्यवस्थापनः**(१)वन अतिक्रमण नियन्त्रण गरी वृक्षारोपण मार्फत वन क्षेत्रको पुर्नस्थापना गर्ने।

(२)वन अतिक्रमण नियन्त्रण गर्न सरोकारवाला र राजनीतिक दलहरुसँगको समन्वयात्मक एवं सहभागितामूलक किसिमले छलफल गरी सञ्चालन गर्दा सहज र सफल भएको सिकाईको आधारमा यो कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस कार्यक्रममा विनियोजन गरिएको बजेट समन्वय बैठक, अतिक्रमण नियन्त्रण बैठक, वन गस्ती, अतिक्रमण हटाउन खटिने टोलीलाई खाजाको व्यवस्था लगायत वन अतिक्रमण रोकथाम, प्रचारप्रसार गरी उक्त क्षेत्रमा अनिवार्य वृक्षारोपण कार्य जस्ता शिर्षकहरुमा खर्च गर्न सकिनेछ। यस क्रियाकलापको प्रगति विवरण पठाँउदा अतिक्रमण हटाइएका विवरण तथा प्रगतिको फोटो लगायतका विवरणहरु पेश गर्नुपर्नेछ ।

(३)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(५)वन अतिक्रमण नियन्त्रणमा सहयोग भई वन जंगलको संरक्षणमा टेवा पुग्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**८२. जैविक विविधताको संरक्षण पुनःउत्पादनका लागि संवेदनशिल हटस्पटको पहिचान र निर्माणः**
(१) चुरे क्षेत्रमा भू-क्षयको लागि संवेदनशील चरिचरण आगलगी वा अन्य कारणले महत्वपूर्ण प्रजातिका पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको पहिचान गरी त्यस्तो ठाँउलाई भू-क्षय हुनबाट जोगाउन, पुनरुत्पादनको अवस्था कमजोर भए वृक्षारोपण समेत गरी जैविक विविधताको संरक्षण गर्न यो कार्यक्रम राखिएको हो।

(२) भू-क्षयको लागि संवेदनशील तथा पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको संरक्षण, भू-क्षय नियन्त्रण तथा जैविक विविधताको संरक्षण गर्ने।

(३) यो कार्यक्रमको लागि आवश्यक सामग्री सार्वजनिक खरिद ऐन अनुसार खरिद गरी यस कार्यमा प्रयोग हुने श्रमिकको ज्याला भूक्तानी प्रचलित ऐन अनुसार गर्न सकिनेछ । गत आ.व. मा हट-स्पटमा गरिएको र यस आ.व. मा गरिने संरक्षणका क्रियाकलापहरुलाई पर्यापर्यटन र पर्यावरणीय विकासको अवधारणामा पर्यटन तथा सामुदायिक विकासको आधारशिलाको रुपमा लिईनेछ। यसको लागि आवश्यकता अनुसार तारबार, बाँस तथा ठाँउ सुहाउँदो बिभिन्न प्रजातिको वृक्षारोपण, पुनरुत्पादनको संरक्षण कार्यमा तथा चुरे क्षेत्रमा डिभिजन वन कार्यालयले स-सना गलि फर्मेशन भएको, जैविक विविधताको संरक्षणको लागि संवेदनशील ठाँउ/क्षेत्रको पहिचान गरी जैविक विविधताको संरक्षण, भू-क्षय नियन्त्रण तथा वृक्षारोपण कार्यमा प्रचलित नर्म्स, आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम विनियोजित रकम खर्च गरिनेछ। हट-स्पटको निर्माण भावर तथा तराईको समतल भू-भागमा पनि गर्न सकिनेछ।

(४) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६) अपेक्षित उपलब्धिः

(क) चुरे क्षेत्रको संवेदनशील जग्गामा स-साना गलि नियन्त्रण तथा वृक्षारोपण भई जैविक विविधताको संरक्षण हुनेछ।

(ख) भू-क्षयको लागि संवेदनशील तथा पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको संरक्षण भई भू-क्षय नियन्त्रण तथा जैविक विविधताको संरक्षण हुनेछ ।

**८३. गत आ.व.मा उत्पादन भएका २ वर्षे बिरुवाहरुको संरक्षण तथा ब्यवस्थापनः**(१)गत आ.व.मा उत्पादन भएका २-वर्षे बिरुवा र वितरण हुन बाँकी १-वर्षे बिरुवा वृक्षारोपण तथा वितरण गरी गत आ.व.मा उत्पादित बाँकी रहेका पुराना बिरुवाहरुको गोडमेल, ग्रेडिंग, पानी पटाउने, स्याहार संभार गर्ने कार्यको लागि प्रयोग गरिने श्रमिक तथा नर्सरी नाईकेको ज्याला भूक्तानी गर्न यस शिर्षकमा बिनियोजन भएको रकम खर्च गरिनेछ। कार्य सम्पन्न भएपश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

(क) संरक्षण र ब्यवस्थापन गरिएका बिरुवाको जात र संख्या

(ख) कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(ग) कार्यक्रमको वित्तीय प्रगति

(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)गत आ.व.मा उत्पादन भएका बिरुवाहरुको संरक्षण र व्यवस्थापन भई गुणस्तरीय बिरुवा वृक्षारोपणको लागि उपलब्ध हुनेछ ।

**८४. गत/विगत आ.व. मा भएको वृक्षारोपणको गोडमेल, संरक्षण (हेरालु समेत), पुनःरोपण र ब्यवस्थापन कार्यक्रम सञ्चालन प्रक्रियाः**(१)यस कार्यक्रम अन्तर्गत गत/विगत आ.व.मा भएको वृक्षारोपणको डिभिजन/सब डिभिजन वन कार्यालयबाट स्थलगत अनुगमन गराई के कति प्रतिशत बिरुवाहरु बाँचेको छ, अवस्था के-कस्तो छ, सो सम्बन्धमा प्राप्त प्रतिवेदनको आधारमा बाँचेको बिरुवाको गोडमेल तथा मरेको बिरुवाको ठाँउमा पुनरोपण गर्न स्वीकृत नर्म्स, जिल्ला दररेट अनुसार खर्च गर्न सकिनेछ । गत/विगत आ.व. मा भएको वृक्षारोपणको संरक्षणको लागि तारबार गरिएको छ भने र तारबार मर्मत गर्न तथा हेरालु राखिएको भए निजहरुले गरेको कामको आधारमा सम्झौता अनुसारको रकम भूक्तानी गर्ने काममा खर्च गर्न सकिन्छ। कार्य सम्पन्न भए पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछ ।

(क)पुनरोपण तथा गोडमेल भएका स्थान तथा क्षेत्रफल

(ख)कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति

(ग) कार्यक्रमको वित्तीय प्रगति

(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)गत/विगत आ.व.मा भएको वृक्षारोपणको गोडमेल, संरक्षण (हेरालु समेत), पुनःरोपण र ब्यवस्थापनबाट वृक्षारोपणको अवस्थामा सुधार भई वन क्षेत्रमा वृद्धि हुनेछ ।

**८५. चुरे संरक्षण तथा ब्यवस्थापन कार्यक्रमः** (१)चुरेको विनाशले नेपालीहरु प्रत्यक्ष रूपले वातावरणीय तथा आर्थिक जोखिममा रहेका छन् । जैविक विविधताले धनी रहेको यस क्षेत्र अव्यवस्थित बसोबास, अतिक्रमण, वन विनाश, अवैज्ञानिक भू-उपयोग, अव्यवस्थित खेती प्रणाली र पशुपालनले गर्दा उच्च जोखिममा रहेको त्यसैले चुरे संरक्षण तथा ब्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो।

(२)यसको लागि एकीकृत योजना तर्जुमा र कार्यान्वयनको खाँचो रहेको हुँदा चुरेको पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गरी माथिदेखि तल्लो तटीय क्षेत्रको जीविकोपार्जनमा टेवा पुऱ्याउने र नदीजन्य प्रकोपको न्यूनीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने लक्ष्य रहेको छ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(३)यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका जनचेतनामूलक र संरक्षणका अभ्यासहरु गर्न सकिनेछः-

(क)जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचारप्रसार, अन्तरकृया, गोष्ठी, तालिम आदि सञ्चालन गर्न सकिनेछ।

(ख)वन वातावरण, भू-संरक्षण अन्तर्गत संरक्षण, व्यवस्थापन, वन अतिक्रमण, चरिचरण, वन डढेलो नियन्त्रण लगायतका कार्यक्रमहरु।

(ग) चरिचरण नियन्त्रणको लागि स्टल फिडिङ्ग कार्यक्रम।

(घ) चुरेको बिग्रदो भु-वनोटको संरक्षणको लागि आवश्यकतानुसार गल्छि पहिरो नियन्त्रण, खहरे नियन्त्रण, रन अफ हार्भेष्टिंग ड्याम निर्माणका कार्यहरु सञ्चालन गर्न सकिनेछ ।

(ङ) Downstream को बोर्डरसम्म नदी किनारामा बाँस, बेत, अमृसो लगायत बायो इन्जिनियरिङ्ग र जैविक विविधता महत्त्वका बिरुवा प्रजातिहरु रोपण गर्न पर्नेछ ।

(च) नियमित रुपमा खोलामा बगेर आउने ढुङ्गा, गिट्टी, वालुवाको उचित व्यवस्थापनको लागि ढुङ्गा, गिट्टी, वालुवा भण्डारण प्रदर्शनी स्थलको स्थापना ।

(छ)भिरालो जमिनमा कन्टुर फारमिङ्ग।

(ज) अव्यवस्थित खेती प्रणालीमा सुधार गरी आय आर्जनको लागि बाँस, उपयुक्त डालेघाँस तथा फलफूल बिरुवा खरिद वितरण तथा वृक्षारोपण।

(झ) संरक्षण पोखरी निर्माण तथा स्तरोन्नति ।

(४)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, एवं सरोकारवालाहरुको सहयोगमा सम्वन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(५)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)मधेश प्रदेशको चुरे क्षेत्रमा संरक्षण तथा व्यवस्थापन कार्यक्रमबाट माटोको संरक्षण भई वातावरणीय संरक्षणमा टेवा पुगेको हुनेछ।

## ८६. सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन तथा स्तरोन्ति :

(१)यस प्रदेश अन्तर्गत पर्ने सिमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो।

(२)यस कार्यक्रमको मूल उद्येश्य सिमसार तथा अन्य पानीका श्रोतहरुको दिगो संरक्षण गरी वन्यजन्तुको लागि पानीको व्यवस्थापन तथा दक्षिणी क्षेत्रको लागि पानीको रिचार्ज गर्नु ।

(३)कार्यक्रम सञ्चालन प्रक्रियाः

(क)प्राकृतिक सिमसारहरुको प्राथमिकताको आधारमा (प्राकृतिक संवेदनशीलता र आर्थिक, सामाजिक, साँस्कृतिक तथा पर्यटकीय महत्त्वका) संरक्षण, जिर्णोद्धार र व्यवस्थापनका क्रियाकलापहरु सञ्चालन गरिनेछ। यसरी सिमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्दा सिमसार क्षेत्रलाई पर्यापर्यटन, पर्याविकासको आधारको रुपमा लिईनेछ ।

(ख)यस कार्यक्रमबाट नयाँ पोखरी निर्माण गर्नुपर्ने अवस्था भएमा वनक्षेत्रमा रुखबिरुवाहरु नभएको र प्राकृतिक रुपमा पानी जम्ने वा खोंच, खोल्सा खोल्सी भएका स्थानहरुलाई



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम

प्राथमिकता दिईनेछ । क्षेत्र छनोट गर्दा सम्बन्धित सब डिभिजन वन कार्यालयहरु, स्थानीय सरोकारवालाहरुसँगको छलफल, अन्तरकृया र ठाँउको उपयुक्ततालाई आधार लिनुपर्नेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत वन क्षेत्र बाहिर पनि जिल्लामा रहेका प्राकृतिक तथा सार्वजनिक पोखरीहरुलाई संरक्षण गर्न सकिनेछ।

(घ) वन्यजन्तु, जनावर तथा मानिसको जिउज्यानको सुरक्षालाई ध्यानमा राखी सकेसम्म पोखरीको डिल कराही आकारको हुनु पर्नेछ।

(ङ) कार्यालयबाट स्थान छनौट, लागत अनुमान, डिजाईन, सम्झौता गरी वा अमनातबाट कार्य सम्पन्न गर्नुपर्नेछ ।

(च) प्रगति प्रतिवेदनमा कार्य हुनु पुर्व र कार्य सम्पन्न पश्चातको फोटो, पोखरीको साईज, क्षमता, जि.पि.एस. लोकेसन, रोजगारी श्रृजना र खर्च रकम आदि उल्लेख गर्नुपर्नेछ ।

(४) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) यस खालका पोखरी निर्माण गर्दा वर्षातको पानी सङ्कलन भई जमिन रिचार्ज हुनेछ, वन्यजन्तु तथा चराचुरुङ्गीहरुको लागि पिउने पानीको श्रोत उपलब्ध हुनेछ । वन डढेलो नियन्त्रणको लागि उपयोग हुनेछ र सिंचाईको लागि समेत उपयोग हुनेछ।

**८७. तालिम/गोष्ठी/अभिमुखिकरण/अन्तरक्रिया/क्षमता अभिवृद्धि कार्यक्रम (वन/वातावरण/ IEE,EIA,BES/ लेखा/ टिमबिल्डिङ/ कानुन/ जलवायु परिवर्तन/ चुरेसंरक्षण/ सामुदायिक वन/ साझेदारी वन/ जिल्लास्तरीय सुरक्षा निकायसँग अन्तरक्रिया/गोष्ठी तथा पत्रकार, नागरिक समाज, मिडियाकर्मीसंग वन संरक्षणको लागि अन्तरक्रिया समेत):** (१)जिल्लाका स्वीकृत कार्यक्रमहरु प्रभावकारी रुपले कार्यान्वय गर्न गराउन, वन तथा वन्यजन्तुको संरक्षण, चोरी निकासी, अतिक्रमण तथा आगलागी/वन डढेलो नियन्त्रण, विद्यमान कानुन, लेखा, वातावरण, टिमबिल्डिङ लगायतका कार्य गर्न आवश्यकता अनुसार सरोकारवालाहरुसँग तालिम, अन्तरकृया, समन्वय बैठक तथा छलफलको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक/बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता आदिमा खर्च गर्न सकिनेछ। गोष्ठी, छलफल र अन्तरक्रियाको औचित्य, स्थान र मिति देखिने तालिमको फोटो दृष्यहरु समावेश गरी प्रतिवेदन अनिवार्य रुपले तयार गरी पेश गर्नुपर्नेछ। साथै यस कार्यक्रमबाट मन्त्रालय तथा मातहातका निकाय, सुरक्षा निकाय, पत्रकार, नागरिक समाज, मिडियाकर्मी र सरोकारवालाहरुको लागि समेत आवश्यक तालिम, गोष्ठी र अन्तरकृया गर्न सकिनेछ । यो कार्यक्रमहरु विभिन्न समूहहरुमा विभाजन गरी सञ्चालन गर्नुपर्ने भए समूहहरुमा विभाजन गरी सञ्चालन गर्न सकिनेछ ।

(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, संघ संस्थाको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
तथा वातावरण मन्त्रालय
जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग वनसँग सम्वन्धित विषय वस्तुबारे गोष्ठी, छलफल र अन्तरक्रिया मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुरनेछ।

**८८. सघन कृषि वन वा कृषि वन कार्यक्रमः**(१)निजी जग्गाको उत्पादकत्वमा सुधार ल्याउन तथा न्यून उत्पादन हुने जग्गामा निजी जग्गाधनी वा निजी जग्गाधनीहरुको समूह तथा सहकारीको माध्यमबाट स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका लागि त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागू गरिनेछ। साथै यो कार्यक्रम सम्भव भएसम्म एकै ठाँउमा सघन रुपमा बहुतलीय प्रविधि अपनाई वा स्थानिय कृषकहरुवाट लामो तथा छोटो समयमा उत्पादन हुने वन प्रजाती, तरकारी बाली तथा फलफूल बिरुवा लगाइनेछ।

(२) यसमा विनियोजित बजेट जग्गा तयारी, बिरुवा खरिद रोपण घेरावाल, सिंचाई लगायतका कार्यमा कृषि वनको मोडेलको रुपमा विकास गर्न अमानत वा निजी जग्गाधनी वा निजी जग्गाधनीहरुको समूह वा कृषि सहकारीसंग सम्झौता गरी सम्पादित कार्यको आधारमा सम्वन्धित पक्षलाई नै भुक्तानी कार्यमा खर्च गरिनेछ ।

**८९. निजी वन र कृषि वन स्थापना सहयोगः** (१)निजी जग्गा/सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउने।

(२)निजी जग्गा धनी वा समूह वा सहकारीसंगको समन्वय र सहकार्यमा त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली स्थापना गरिनेछ ।

(३)गर्न सकिने क्रियाकलापहरुः

(क)जिल्लामा कृषि वनको अभ्यास एवं सुरुवात गर्न ईच्छुक कृषकहरुलाई सहयोग गर्न सकिनेछ।

(ख)निजी जग्गामा कृषि वन प्रवर्द्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका बिरुवा तथा वहुवर्षिय टिक, महोगनी रुखहरु अमला, अम्बा कटहर, बडहर लगायतका फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो, बाँस, एभोकाडो, आदिका बिरुवा एवं उन्नत बिउबिजन, प्राङ्गारिक जैविक मल, आदि खरिद गर्नका लागि नगद अनुदान पनि दिन सकिनेछ ।

(ग) कृषि वन सम्बन्धी समय सापेक्ष फिल्ड स्तरिय कोचिङ्ग प्रदान प्रदान गरिनेछ । क्रियाकलापहरु सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानीय कृषि तथा पशु सेवाका क्षेत्रगत कार्यालय तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।

(घ) कार्यक्रम सञ्चालन गरेको समय, मिति, विवरण, सहभागी र सहयोगको विवरण उल्लेख गरी प्रतिवेदनमा समेत राख्नु पर्दछ ।

(४)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन /नियम अनुसार वा अमानतबाट वा स्थानीय कृषक, उपभोक्ता समूह, संघ संस्थाको सहयोगमा सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
... मन्त्रालय
...धाम

हुनेछ।

(६) नीजि वन तथा कृषि वन स्थापना हुने ।

**९०. वन अतिक्रमण, चोरी निकासी र आगलागी नियन्त्रणः** (१)वन अतिक्रमण, चोरी निकासी र आगलागी नियन्त्रण गर्ने।

(२) कार्यक्रम सञ्चालन प्रक्रियाः(क) वन अतिक्रमण र चोरी निकासी नियन्त्रण, वन अतिक्रमण र चोरी निकासी नियन्त्रण गर्न सुरक्षा निकाय, सरोकारवाला र राजनीतिक दलहरुसँगको समन्वयात्मक एवं सहभागितामूलक छलफल गरी सञ्चालन गर्दा सहज र सफल भएको सिकाइको आधारमा यो कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिइएको छ। यस कार्यक्रममा विनियोजन गरिएको बजेट समन्वय बैठक, सरोकारवालासँगको बैठक, वन गस्ती, अतिक्रमण नियन्त्रण कार्यमा खटिने टोलीलाई खाजाको व्यवस्था लगायत वन अतिक्रमण, चोरी निकासी नियन्त्रण गर्ने कार्यमा खर्च हुने ईन्धन, गाडी मर्मत जस्ता शिर्षकहरुमा खर्च गर्न सकिनेछ । वन अतिक्रमण, चोरी निकासी र आगलागी नियन्त्रणको लागि आवश्यक परेको खण्डमा सुराकी परिचालन समेतमा खर्च गर्न सकिनेछ। यस क्रियाकलापको प्रगति विवरण पठाउंदा अतिक्रमण हटाईएका विवरण तथा चोरी निकासी नियन्त्रण सम्वन्धी कार्यमा भएका प्रगतिहरुको फोटो लगायतका विवरणहरु पेश गर्नुपर्नेछ ।

(ख) वन डढेलो नियन्त्रण व्यवस्थापनः वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आउने भएकोले त्यसको नियन्त्रण गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। वन डढेलो नियन्त्रण सम्वन्धी Document हरु वन तथा भू-संरक्षण विभागको website मा उपलव्ध छ । साझेदारी/सामुदायिक वन उपभोक्ता समूह लगायत अन्य सरोकारवालाहरुको सञ्जाल निमार्ण गरी यसको परिचालन गर्दा वन डढेलो नियन्त्रणमा केही हदसम्म सफलता प्राप्त गर्न सकिन्छ। विनियोजन गरिएको रकम सरोकारवालाहरुको समन्वय र सहकार्यमा, अग्नि नियन्त्रक परिचालन, प्रचार प्रसार सामग्री व्यवस्थापन तथा वितरण, वन डढेलो नियन्त्रण सम्बन्धी सूचना तथा सन्देश प्रसारण, वन डढेलो नियन्त्रण कार्यमा खटिंदा खर्च हुने ईन्धन एवं खाजा, दै.भ्र.भ., गाडी मर्मत, अग्नि नियन्त्रण सामग्री खरिद लगायतका विषयमा समेत खर्च गर्न सकिनेछ। यस क्रियाकलापको प्रगति विवरण पठाउंदा संजाल सम्बन्धी विवरण र यसको परिचालनबाट भएका ठोस उपलब्धिहरु उल्लेख गर्नुपर्नेछ ।

(३)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(५)वन अतिक्रमण, चोरी निकासी र आगलागी नियन्त्रणमा सहयोग भई वन जंगलको संरक्षणमा टेवा मिल्नेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

९१. जिल्ला सदरमुकाम तथा अन्य क्षेत्रमा वातावरणमैत्री वातावरण पार्क/हरितपार्क/ हरित उद्यान/बगैचा निमार्ण/हिलपार्क/माटो पार्क निर्माण:(१)बढ्दो शहरीकरण र रुखबिरुवाहरुको विनाशको कारण रमणीय स्थलहरुको अभाव हुँदै गईरहेकोले शहरी तथा शहरोन्मुख क्षेत्रहरुमा हरियाली सहितको व्यायामशाला पार्क निर्माण तथा रमणीय स्थलहरुको विकास गर्नु र हरियाली बृद्धिका साथै नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

(२)यो कार्यक्रम गाउँ/शहरी तथा शहरोन्मुख क्षेत्रहरुमा स्थानीय पालिकाहरुसँग अनिवार्य रुपमा समन्वय र सहकार्य गरी पार्क/उद्यान/बगैचाहरुको दिगोपना कायम हुने गरी पायक पर्ने उपलब्ध सार्वजनिक जग्गा, नदी वा पोखरी किनार, धार्मिक पर्यटकीय स्थलको क्षेत्र आदिमा खुला स्थलमा हरियाली पार्क, मनोरन्जन स्थल, पिकनिक स्थल, पर्यटक विश्रामका लागि गोलघर, दृश्यावलोकन स्थल, सेल्फी फोटो प्वाईन्ट, विहानी तथा सन्ध्याकालीन भ्रमणका लागि उपयुक्तता अनुसार पार्क निर्माण कार्यक्रम गरिनेछ । घना बस्ती आवादी भएका शहरी क्षेत्रमा सानो जग्गामा पनि नागरिकहरुका लागि स्वास्थ्य, मनोरन्जन, सामाजिक भेटघाट, खेलकुद आदिका लागि समेत उपयुक्त हुने स्थानमा पार्क निर्माण गरिनेछ । सरोकारवालाहरुसंगको समन्वयमा पार्कको डिजाइन, नक्सा तथा लगत इस्टिमेट तयार गरी पार्कमा आवश्यकता अनुसार वालबालिका, युवा एवं ज्येष्ठ नागरिक लक्षित गरी खुला व्यायाम स्थल निर्माण गरिनेछ । सो मा हरियाली अभिबृद्धिका लागि आवश्यकतानुसार ट्री गार्ड सहितको ठूला विरुवाको बृक्षारोपण, सरसफाई तथा फोहर विसर्जनको उपयुक्त व्यवस्थाका साथै शारीरिक तन्दुरुस्तीका लागि व्यायाम गर्ने Arm Bike Paddle, Air walker, Back extension, Horse rider, Sit up board, Seating and Standing Twister, Surf Board, Shoulder Board वा यस्तै प्रकारका उपकरणहरु समेत जडान गर्नुपर्नेछ ।

(३) पार्क निर्माण पश्चात स्थानिय पालिका/वडा कार्यालय, डिभिजन वन कार्यालयको रोहवरमा पार्क संरक्षण समिति गठन अनिवार्य रुपमा गर्नु पर्नेछ र सोको अभिलेख डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यसको अनुगमन वन तथा वातावरण मन्त्रालय/ प्रदेश वन निर्देशनालय/डिभिजन वन कार्यालयवाट अनुगमन गरिने छ ।

सार्वजनिक खरिद ऐन अनुसार ठेकापट्टा वा उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

९२. काठ/दाउरा सङ्कलन/व्यवस्थापन (१)यस कार्यक्रममा विनियोजित रकम डिभिजन वन कार्यालयले वन क्षेत्रमा रहेका काठ दाउरा सङ्कलन गरी घाटगद्दी गर्नको लागि प्रचलित ऐन, नियम अनुसार गर्न सकिनेछ।
(२)डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी मार्फत छपान मूल्याङ्कन अनुगमन तथा संरक्षणको कार्य गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

हुनेछ।

(४)वन क्षेत्रमा रहेका काठ दाउराको सङ्कलन व्यवस्थापन गरी आपूर्तिमा सहजता तथा राजश्व वृद्धिमा टेवा पुग्नेछ।

**९३. साझेदारी/सामुदायिक वन/चक्ला वनको कार्ययोजना तयारी तथा कार्यान्वयनः** (१)सामुदायिक वन, साझेदारी वन, चक्ला वन, वन संरक्षाण क्षेत्र, आदि वन क्षेत्रहरुमा संरक्षणको साथसाथै वन व्यवस्थापनका क्रियाकलापहरु दिगो वन व्यवस्थापनको उद्देश्य अनुरुप वन सम्वर्द्धन प्रणाली अपनाई दिगो वन व्यवस्थापनको आवधारणामा वन ऐन तथा नियमावली र प्रचलित निर्देशिका, कार्यविधि अनुरुप गर्न यो कार्यक्रम राखिएको छ ।

(२)जिल्लाभित्र रहेका साझेदारी/सामुदायिक वन/चक्ला वनहरुको भौगोलिक अवस्था, हावापानी, प्रजातिहरुको बनौट (**Species Composition**), **Hot Spot** हरुको आधारमा वन सम्वर्द्धन प्रणाली अपनाई दिगो वन व्यवस्थापनको आवधारणामा दिगो रुपमा वन पैदावार उत्पादन एवं जैविक विविधताको संरक्षण गर्न व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

(३)वन व्यवस्थापन गर्दा स्वीकृत कार्ययोजनामा तोकिएका वनको सम्वर्द्धन प्रणाली अन्तर्गत विभिन्न रुख ढाल्ने, हाँगा काँटछाँट गर्ने, माउँ रुख छुट्याउने, **Hot Spot** को संरक्षण, वृक्षारोपण, अग्निरेखा तयार गर्ने, वन डढेलो नियन्त्रण र पहिचान गर्न मचान तयारी गर्ने, ब्लक तथा कम्पार्टमेन्ट विभाजन गर्ने, पानी होल निमार्ण, डढेलो निभाउने दस्ताको साथै दस्तालाई डढेलो नियन्त्रणमा औजारहरुको व्यवस्था गर्नुपर्ने हुन्छ ।

यस्ता अनेकौं क्रियाकलापहरु अपनाएर वन व्यवस्थापन गर्न औजारको साथै विभिन्न श्रोत साधनहरुको व्यवस्था गर्न यो सहयोग कार्यक्रममा बजेट ब्यवस्था गरिएको छ । वन व्यवस्थापन गर्न अपनाईएका पद्धति तथा वन व्यवस्थापनको लागि उपभोक्ता समूह गठन र डिभिजन वन कार्यालयले आवश्यक ठानेका क्रियाकलापहरू (कार्ययोजना तयारी गर्न समेत) को सञ्चालन गर्न आवश्यक निर्णय गरी यो रकम खर्च गर्न सकिनेछ । खर्च गरिएका रकमहरुको औचित्यपूर्ण पुष्टयाई सहितको विवरण वन कार्ययोजना तथा नक्शा र फोटो प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ।

(४) यो कार्य डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट अमानत मार्फत तथा अन्य सरकारी तथा गैर सरकारी निकायको सहयोगमा गर्नुपर्नेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६) साझेदारी/सामुदायिक वन/चक्लाको कार्ययोजना तयारी (समूहको गठन कार्ययोजना परिमार्जन), स्वीकृती तथा कार्यान्वयन हुनेछ।

**९४. उत्कृष्ट वन समूह पुरस्कार (सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, निजी वन तथा कर्मचारीलाई समेत)**:(१)यस कार्यक्रम अन्तर्गत ५ किसिमका पुरस्कारहरु तोकिएका छन् (१) उत्कृष्ट सामुदायिक वन पुरस्कार (२) उत्कृष्ट कबुलियती वन पुरस्कार (३) उत्कृष्ट साझेदारी वन पुरस्कार (४) उत्कृष्ट धार्मिक वन पुरस्कार र (५) उत्कृष्ट निजी वन पुरस्कार (६) उत्कृष्ट कर्मचारी पुरस्कार । यस कार्यविधिको अनुसूची १ देखि अनुसूची ४ सम्म उल्लेखित वन अनुगमनका मूल्याङ्कन र सूचकहरुलाई आधार मानी ८ जिल्ला स्थित सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, साझेदारी वन समूह,

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

धार्मिक वन समूह तथा निजी वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयहरुले छनौट गरी प्रथम हुने सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, साझेदारी वन समूह, धार्मिक वन समूह निजी वन तथा कर्मचारी मध्ये बाट उत्कृष्ट अंक प्राप्त गर्ने वन समूहहरु तथा निजी वनलाई यो पुरस्कार प्रदान गरिनेछ। माथि उल्लेखित पुरस्कारहरु प्रदान गर्न तथा निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाण पत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ। साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, स्वीकृत नर्म्स/स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

(२)डिभिजन वन कार्यालयहरूबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने वन समूहहरु तथा निजी वन धनीहरू पुरस्कृत भई हौसला बढ्ने ।

**९५. वन डढेलो नियन्त्रण, व्यवस्थापन तथा योजना कार्यान्वयनः**(१)सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा बाहिर पनि वन डंढेलो प्रकोप देखापर्ने गरेको छ । वन डढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्य योजनामा उल्लेखित Action plan हरु एउटा मुख्य आधार हुनेछ ।आवश्यकतानुसार नजिकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नुपर्दछ । यस शिर्षकमा व्यवस्था भएको रकम डढेलो नियन्त्रण समन्वय बैठक, नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुख्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, घाटगद्दी सरसफाई र व्यवस्थापन, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ। वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२)डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)डिभिजन वन कार्यालयहरुको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई कार्यान्वयन हुने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**९६. समन्वय बैठक/ अतिक्रमण नियन्त्रण बैठक/वन्यजन्तु अपराध नियन्त्रण आदिः** (१)डिभिजन वन कार्यालयहरुमा कार्यान्वयन हुने कार्यक्रम/योजना र वन क्षेत्रको संरक्षण/व्यवस्थापन सम्बन्धमा सरोकारवाला संघसस्थाहरु, सुरक्षा निकायहरूसँग अतिक्रमण नियन्त्रण वन्यजन्तु अपराध नियन्त्रण इकाई आदि विषयगत छलफल र अन्तरक्रिया गर्नुपर्नेछ र सो गर्दा हुने खाजा, मसलन्द तथा भत्ता खर्चमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

(२)डिभिजन/सव-डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ ।

(३)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)वन सुरक्षा तथा वन्यजन्तु संरक्षणमा सहयोग पुग्ने ।

**९७. सुराकी परिचालन तथा व्यवस्थापनः**(१)वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि नियमानुसार सुराकी परिचालन गरिनेछ। वनजंगल संरक्षणको लागि सुराकीको व्यवस्थाका लागि उपलब्ध बजेट आवश्यकता अनुसार गर्न खर्च गर्न सकिनेछ । डिभिजनल वन अधिकृतले आवश्यकता अनुसार सुराकी परिचालन गर्न सक्नेछ र सुराकीको नाम ठेगाना गोप्य राख्नु पर्नेछ । सुराकी आफूले पाएको सूचना डिभिजन वन कार्यालय प्रमुख वा वन सुरक्षा शाखाको कमाण्डरलाई जानकारी गराउनुपर्नेछ । सुराकीको संख्या र कामको आवश्यकता वा कार्यबोझ हेरी सुराकी गरे वापत प्रोत्साहन स्वरुप रकम खर्च गर्न सकिनेछ । अनुसन्धान कार्य अघि बढाउने क्रममा आवश्यक सूचना सङ्कलन तथा सञ्चारमा लाग्ने खर्चहरुमा समेत यस शिर्षकमा विनियोजीत रकम खर्च गर्न सकिनेछ ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(३)वन तथा वन्यजन्तुसँग सम्बन्धित विभिन्न विषयगत समितिहरुमा आवश्यक समन्वय भई कार्यक्रम सन्चालनमा सहजिकरण संयुक्त योजना तर्जुमा तथा अनुगमन भई वन तथा वन्यजन्तु अपराधहरु नियन्त्रण तथा न्यूनीकरणमा एवं कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने ।

**९८. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यासः**(१)सामुदायिक वनको अवस्थाको आधारमा स्वीकृत वन कार्ययोजनामा सिफारिस गरिएको वन सम्वर्द्धन र व्यवस्थापनको क्रियाकलापहरु (थिनिङ, प्रुनिङ, झाडी सफाई, लहरा कटिङ्ग, फायर लाईन सरसफाई सञ्चालन आदी)गर्नको लागि स्थानीय उपभोक्ता समूहहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले वन व्यवस्थापन स्थलगत अभ्यास सोहि सामुदायिक वन क्षेत्रमा सञ्चालन गरिनेछ। साथै समूहको लगानी साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यो कार्यक्रम सम्पन्न गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ तथा स्वीकृत नर्म्सको पालना गर्नु पर्नेछ।कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नु पर्नेछ।

(क) अभ्यास सञ्चालन गरिएको समूहको नाम, ठेगाना,

(ख) अभ्यासका गतिविधि देखिने फोटो,

(ग) अभ्यास संचालन भएको स्थान र मिति देखिने अभ्यासको व्यानर, सहभागीहरूको उपस्थिति, फोटो दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि सहितको प्रतिवेदन,

(घ) वन व्यवस्थापनका मुख्य क्रियाकलापहरु तथा होडिङ्ग बोर्ड ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(२)फिल्ड स्तरमा डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट अमानतबाट सम्बन्धित तालिम सञ्चालन हुने सामुदायिक वनमा सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)सामुदायिक वनहरुमा जम्मा वन व्यवस्थापन स्थलगत अभ्यास तालिम सञ्चालन भई सामुदायिक वनको दिगो व्यवस्थापनमा सहयोग पुग्ने ।

**९९. जिल्ला/सब डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीः** (१)प्रत्येक वर्ष जिल्ला/सव-डिभिजन वन कार्यालयबाट जिल्लामा सञ्चालन गरिने क्रियाकलापहरुको छलफल गराउनु पर्दछ। यस योजना तर्जुमा कार्यमा जिल्लाका सम्पूर्ण सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले आफ्नो कार्य क्षेत्र भित्रका सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन समूहलाई सहभागी गराउनु पर्नेछ । कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही यस गोष्ठी सञ्चालन गरिनेछ। यस गोष्ठीमा सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट तय भएका कार्यक्रमहरूको औचित्य सहितको प्रस्तुतिकरण गरी योजना पारित गराउनु पर्दछ र डिभिजन वन कार्यालयले समेत जिल्लास्थित अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहल गरी आगामी वर्षको लागि योजना तयार तथा स्वीकृत गरी प्रादेशिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, सञ्चार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विल भर्पाइ सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२)प्रदेशस्तरका सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)आगामी आ.व.को सव-डिभिजन वन कार्यालयहरुको योजनाहरु निर्माणमा सहयोग पुग्ने ।

**१००. दिवस समारोह (वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस लगायतका दिवस):**(१)यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने दिवस समारोह जस्तैः वातावरण, भू-संरक्षण, जैविक विविधता, सामुदायिक वन, पृथ्वी दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, विश्व सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित निर्धारित वा आवश्यक ठहरिने दिवस/समारोह सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

(२)डिभिजन वन कार्यालयहरुले आफ्नो आवश्यकतानुसार कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गरी आवश्यक रकम एकल रुपमा वा अन्य संघ संस्थाको साझेदारीमा समेत खर्च गर्न सक्नेछ।

(३)डिभिजन/सव-डिभिजन कार्यालयका कर्मचारीहरुबाट अमानतमा तथा अन्य सम्बन्धित सरकारी तथा गैह सरकारी संघ संस्थाहरुको सहयोग तथा सहभागितामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव३

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।
(५)वन, वातावरण, जैविक विविधता, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि हुनेछ।

**१०१. वन, वातावरण तथा वन्यजन्तु सम्बन्धि विधालय शिक्षा कार्यक्रमः** (१)डिभिजन वन कार्यालयले यस कार्यक्रम अन्तर्गत सरकारी तथा निजी विधालयहरुमा गई वन, वातावरण तथा वन्यजन्तु सम्बन्धि अध्ययन गराउनमा तथा छलफलको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक/बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता आदिमा खर्च गर्न सकिनेछ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, संघ संस्थाको सहयोगमा सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।
(४)वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग वनसँग सम्वन्धित विषय बस्तुवारे गोष्ठी, छलफल र अन्तरक्रिया मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्नेछ।

**१०२. बार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशनः**(१)डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र, कार्यविवरण, कार्यक्रम, अनुगमन प्रतिवेदन, प्रगतिलाई समावेश गरी आफ्नो वार्षिक पुस्तिका प्रकाशन गर्नुपर्नेछ। यस कार्यक्रममा बिनियोजित रकम प्रचलित आर्थिक ऐन, नियम तथा कानुन बमोजिम वा अमानतबाट खर्च गर्न सकिनेछ।

**१०३. कृषि वन प्रवर्द्धन कार्यक्रम(एलानी, सार्वजनिक, निजी)**:(१)एलानी, सार्वजनिक, निजी जग्गाको उत्पादकत्वमा सुधार ल्याउन तथा न्यून उत्पादन हुने जग्गामा निजी जग्गाधनी वा स्थानिय समुह तथा सहकारीको माध्यमबाट स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका लागि त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागू गरिनेछ। साथै यो कार्यक्रम सम्भव भएसम्म एकै ठाँउमा सघन रुपमा बहुतलीय प्रविधि अपनाई लामो तथा छोटो समयमा उत्पादन हुने वन प्रजाती, तरकारी बाली तथा फलफूल विरुवा लगाइनेछ। यसमा विनियोजित बजेट जग्गा तयारी, विरुवा खरिद रोपण घेरावाल, सिंचाई लगायतका कार्यमा कृषि वनको मोडेलको रुपमा विकास गर्न अमानत वा निजी जग्गाधनी वा स्थानिय समुह ,कृषि सहकारीसंग सम्झौता गरी सम्पादित कार्यको आधारमा सम्वन्धित पक्षलाई नै भुक्तानी कार्यमा खर्च गरिनेछ ।

**१०४. वन डढेलो सम्वन्धित प्रचार प्रसारः**(१)यस कार्यक्रममा विनियोजित रकम वन डढेलो सम्वन्धि पोष्टर, पम्पलेट होर्डिङ्ग बोर्ड प्रचार प्रसार समाग्री तथा वन डढेलो नियन्त्रणका लागि खटिएकाहरुलाई खाजा, गाडिको इन्धन/ गाडि मर्मत तथा डढेलो नियन्त्रण सामग्री खरिद र वितरण गर्नमा खर्च गर्न सकिनेछ ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**१०५.नर्सरी मर्मत तथा स्तरोन्नती:**(१)यस कार्यक्रममा विनियोजित रकम मौजुदा नर्सरीको मर्मत तथा स्तरोन्नतीमा खर्च गर्न सकिनेछ ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह ,स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

**१०६. वन पथ स्तरोन्नती सुधार कार्यक्रम:**(१)यस कार्यक्रममा विनियोजित रकम वन डढेलो नियन्त्रणका लागि निर्माण भएका वन पथहरु सरसफाई र मौजुदा वन पथ सुधार तथा स्तरोन्नती कार्यमा खर्च गर्न सकिनेछ ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह ,स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

**१०७.वन डढेलो संन्जाल गठन र सहयोग:**(१)यस कार्यक्रममा विनियोजित रकम वन डढेलो नियन्त्रणका लागि वन डढेलो संन्जाल गठन तथा समाग्री सहयोग कार्यमा खर्च गर्न सकिनेछ ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह ,स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

**१०८. वन डढेलो नियन्त्रणको टयाङ्कर मर्मत:**(१)यस कार्यक्रममा विनियोजित रकम डिभिजन वन कार्यालमा रहेको टयाङ्कर मर्मत कार्यमा खर्च गर्न सकिनेछ।
(२)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह ,स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा गरिनेछ।
(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

**१०९. कार्यालयको वेवसाइट अपग्रेडिङ:**(१)यस कार्यक्रममा विनियोजित रकम डिभिजन वन कार्यालयले कार्यालयको वेवसाइट अपग्रेडिङ् कार्यमा खर्च गर्न सकिनेछ । यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार खर्च गर्न सकिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
... तथा वातावरण मन्त्रालय
... जनकपुरधाम

**११०. इजलास व्यवस्थापन** :(१) डिभिजन वन कार्यालय अन्तर्गत वन, वातावरण, जैविक विविधता, जलाधार व्यवस्थापन, वन्यजन्तु संरक्षण लगायतका कार्यहरू सञ्चालन हुन्छन्। यी कार्यमा सरोकारवालासँग परामर्श, छलफल, निर्णय र विवाद समाधानका लागि इजलास (बैटक/सुनुवाइ/छलफल कक्ष) को व्यवस्था गर्न आवश्यक हुन्छ।

(२) यसको उदेश्य कार्यालयमा हुने सुनुवाइ, छलफल, बैठक, विवाद समाधान लाई व्यवस्थित बनाउने।

(३)कार्यक्रम सञ्चालनको लागि कार्यालयमा छुट्टै हल/कोठा व्यवस्थापन गर्ने, डिभिजन वन अधिकृत वा तोकिएका पदाधिकारीद्वारा इजलास सञ्चालन हुनेछ ।यस सम्वन्धि सेवालाई थप व्यवस्थापन गर्न डिभिजनल वन अधिकृतवाट नियमानुसार अन्य कार्यहरु गर्न सक्नेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

**१११. धनुषाधाम न.पा.को धनुषाधाम वनमा चिडियाखाना स्थापना** : (१) स्वीकृत मधेश जैविक उद्यान/ चिडियाखाना स्थापना को DPR मा उल्लेख भएका डिजाईन र ईस्टिमेट समेतका भौतिक पुर्वाधारहरु मध्ये बजेटको परिधि र पुर्वाधार निर्माणको प्रथमिकताक्रम यकिन गरी सो अनुसारका पुर्वाधार निर्माण गर्न यो कार्यक्रम प्रस्ताव गरीएको हो ।

(२) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(३) उपलब्धिः मधेश प्रदेशमा तोकिएको मापदण्ड अनुसारको धनुषाधाम न.पा. को धनुषाधाम वनमा चिडियाखाना स्थापना को लागि पुर्वाधार निर्माण हुदै जाने ।

**११२. वनमा आधारित उद्योगलाई अनुदान/वन मधेशको धन अनतर्गत काठ र टपरी लगायत उद्योगलाई अनुदानः** (१) मधेश प्रदेश तथा अन्य स्थानमा काठ, बाँस, बेंत, घाँस, जडीबुटी, फलफूल तथा अन्य वन उत्पादनको आधारमा साना तथा ठूला उद्योग सञ्चालन भइरहेका छन्। यी उद्योगले रोजगारी, आय–आर्जन, स्थानीय उत्पादनको मूल्यवृद्धि र वातावरणीय दिगोपनामा योगदान पुर्‍याउँछन्। तर, पूँजी अभाव, प्रविधिको कमी र बजार अभावका कारण उनीहरू प्रतिस्पर्धी हुन सकिरहेका छैनन्। त्यसैले वनमा आधारित उद्योगलाई अनुदान दिई दिगो संरक्षण र आर्थिक सशक्तीकरणलाई प्रवर्द्धन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**(२) कार्यक्रम सञ्चालन प्रक्रियाः**

जीवनाथ पौडेल
प्रदेश सचिव

शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(२क) सूचना प्रकाशन/प्रस्ताव माग गर्ने:

- प्रदेशिक/राष्ट्रियस्तरको पत्रिकामा १५ दिने सूचना प्रकाशन गर्ने साथै सम्वन्धित कार्यालय/मन्त्रालयको सूचना पार्टीमा टाँस गर्ने, website मा upload गर्ने ।
- प्रस्तावको लागि सम्वन्धित कार्यालयले कार्यसूची(TOR) वनाई सम्वन्धित प्रस्तावकलाई उपलब्ध गराउने ।

प्रस्तावक: वन उपभोक्ता समूह/सहकारीहरु आवेदनका लागि योग्य हुनेछन् ।

(२ख) प्रस्तावको मूल्याङ्कनः प्रस्ताव मूल्याङ्कनको लागि सम्वन्धित कार्यालय प्रमुख स्वयं वा वरिष्ठ कर्मचारीको संयोजकत्वमा देहायको प्रस्ताव मूल्याङ्कन समिति गठन गर्ने ।

संयोजकः कार्यालय प्रमुख वन निजले तोकेको वरिष्ठ अधिकृत

सदस्यः लेखा प्रमुख, सम्वन्धित कार्यालय

सदस्यः अधिकृत प्रतिनिधि, घरेलु तथा साना उधोग कार्यालय

सदस्यः विज्ञ(घरेलु र उद्यमशिलता क्षेत्रमा कम्तीमा ५ वर्ष कार्य गरेको व्यक्ति हुनुपर्ने)

सदस्य सचिवःयोजना शाखा प्रमुख

(२ग) मूल्याङ्कनका आधारहरुः

| आधारहरु | अङ्क |
|---|---|
| (क) उद्यम स्थापनावाट लाभान्वित हुने उपभोक्ता/समूहः | २० |
| (ख) प्रत्यक्ष रोजगारी संख्याः | २० |
| (ग) उद्यम स्थापनामा लागत सहभागिता अनुपातः | १० |
| (घ) स्थानिय श्रोत सामाग्रीको प्रयोगः | १५ |
| (ङ) प्रदेश/नेपाल सरकारलाई प्राप्त हुने लाभ | १० |
| (च) वार्षिक उत्पादनको क्षमता र प्रविधिको प्रयोग | १० |
| (छ) वातावरण मैत्री/अनुकुलन उद्यम | १० |
| (ज) वनवाट कच्चा पदार्थको प्रयोग | ५ |

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
... मन्त्रालय
जनकपुरधाम

(४) सम्झौताः

- मूल्याङ्कन समितिको सिफारिस समेतका आधारमा कार्यालयले सर्तहरु तोकी लागत साझेदारी समेत हुने गरी तोकिएको समयावधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी कार्यान्वयन गरिने छ ।
- कार्यालयवाट उपलब्ध हुने अनुदान मध्ये ८०% रकम Hardware र २०% रकम अन्य Software मा खर्च गर्नु पर्नेछ ।

(५) भुक्तानी प्रकृयाः

- २०% रकम पेश्की स्वयम् उपलब्ध गराइदिने ।
- ६०% रकम उधोग स्थापना गरे पश्चात ।
- बाँकी २०% रकम प्रस्तावमा उल्लेख गरेका कार्य सम्पन्न भई विल भर्पाई,प्रतिवेदन पेश भए पश्चात ।

(६) अनुगमन नियमनः

- सम्वन्धित कार्यालयले सम्झौताका कार्य तालिकामा उल्लेख गरि सोही वमोजिम कार्य भए नभएको यकिन गर्ने/गराउने ।
- अनुगमनलाई भुक्तानि प्रकृयासंगै सामन्जश्यता कायम गर्ने ।

(७) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(८) कार्यक्रमको दिगोपनाःसम्वन्धित उधोग वा समूहले आफ्नै खर्चमा उधोग संचालनलाई निरन्तरता दिनु पर्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

११३. पिपल चौतरी निर्माण/ वर पिपल, समि, पाकर सहित संरक्षणको लागि चौतारी निर्माणः (१) यस कार्यक्रममा विनियोजित रकम वर पिपल /वर पिपल, समि, पाकर सहित संरक्षणको लागि चौतारा निर्माण गर्न, आवश्यक निर्माण सामग्री खरिद गर्न, र चौताराको सौन्दर्यकरण तथा संरक्षण कार्यमा नियमानुसार खर्च गर्न सकिनेछ।

(२) यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानिय तह एवं सरोकारवालाहरूको सक्रिय सहभागितामा कार्यान्वयन गरिनेछ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व. २०८२/०८३ को विनियोजित वजेट अनुसार हुने छ।

(४) यस कार्यक्रम मार्फत धार्मिक तथा सांस्कृतिक महत्व वोकेको वर पिपल /वर पिपल, समि, पाकर संरक्षण, स्थानीय समुदायको सामाजिक एकता प्रवर्द्धन, छायाँयुक्त विश्रामस्थलको व्यवस्था, तथा वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुग्नेछ।

११४. रिचार्ज पोखरी निर्माणः(१)माटोमा चिस्यान कायम गर्न जलाधारीय महत्वका वर्षाको पानी संकलन गर्ने तथा भल छोप्ने पोखरीको निर्माण गर्न यो कार्यक्रम राखिएको हो । बहुउद्देश्यीय रिचार्ज पोखरीहरूले प्राकृतिक माटोको आर्द्रता र जमिनको पानी जलाशयहरूमा पुनःपूर्ति गरेर स्थानीय स्तरमा पानी आपूर्तिको अस्थायी असंतुलनलाई आंशिक रूपमा सन्तुलित गर्न कम लागतको विकल्पको रुपमा यो कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमले सुख्खा मौसमको अतिरिक्त वर्षाको पानी भण्डारणमा सहयोग पुर्याउने छ ।

(२)यस कार्यक्रम अन्तर्गत सुख्खा उपयुक्त स्थानहरुमा नयाँ पोखरी निर्माण गरिनेछ । सार्वजनिक स्थानमा मात्र निर्माण गरिने यस्तो पोखरीमा वर्षाको पानी संकलन गर्न तथा भलको पानी संकलन गरी स्थानिय आवश्यकताको लागि पानी उपलब्धता गराउनु यस कार्यक्रमको उदेश्य रहेको छ ।

(३)यो कार्यक्रम तोकिएको स्थानमा संचालन गरिनेछ वा संभाव्य आवश्यकताको पहिचान गरी प्राथमिकताको अधारमा वन क्षेत्र भित्र वा बाहिर जल पुनर्भरण पोखरी निर्माण गरिनेछ । यस कार्यक्रम अन्तरगत पोखरी वा जलाशयको पानी संचय वा रिचार्ज क्षमता वढाउने कार्य, पोखरीको डिल निर्माण वा मर्मत कार्य, डिलमा वायोइन्जिनियरिगँ वा वहुआयमिक प्रजातीको वृक्षारोपण, पोखरीमा पानीको Inlet तथा Outlet (Pond Drainage Management) को निर्माण जस्ता स्थानिय तथा प्राविधिक आवश्यकता अनुसारको कार्यक्रमहरु संचालन गरिनेछ । नियमानुसारको प्रकृया मार्फत प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ । साथै उक्त कार्य सम्पादनको लागि आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

(४)कार्यक्रम संचालन गर्न जिम्मेवारी तोकिएको कार्यालय वा निकायका कर्मचारीहरुवाट कार्यक्रम संचालनको लागि जनशक्ति व्यवस्थापन गरिनेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(६) वर्षाको भल व्यवस्थापन भई क्षति न्यूनीकरणका साथै प्राकृतिक एवम् कृत्रिम तरिकाबाट भूमिगत जल पुनर्भरण भई पानीको उपलब्धतामा अभिवृद्धि हुने ।

## परिच्छेद-७: भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु तर्फ

**११५. नदी किनार कटान नियन्त्रण, तथा खोला/नदी/खहरे किनार संरक्षण कार्यक्रम /तटबन्ध निर्माण कार्यः**(१)चुरे क्षेत्रबाट निस्केका तथा यस क्षेत्र भई बग्ने नदीहरूबाट वर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता खोला किनारमा समस्याहरू हुने गर्दछन्। यस्ता समस्याहरूलाई सम्बोधन गर्न यो कार्यक्रम राखिएको हो। नदी/खोला किनारा स्थिरिकरण/नियन्त्रण सम्बन्धी सञ्चालन गर्दा छनौट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजनाले तोकेको स्थानमा सोही योजनाले तोकेका प्रकृतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ। नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघट्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(२)कार्यक्रम सञ्चालन प्रक्रियाः

(क) यो कार्य सञ्चालन गर्दा बायो इन्जिनियरिङ्ग प्रविधिको साथै अन्य सिभिल संरचनाहरू जस्तै-तटबन्ध, स्पर र चेकड्याम आदि निर्माण गर्न सकिनेछ।

(ख) नदी/खोलाको वहाव क्षेत्रकोलागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रूपमा आवश्यक पर्ने लंचिग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ।

(ग) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ।

(घ) यो कार्यक्रम सञ्चालनका लागि स्थलगत अवलोकन पश्चात गर्न सकिने क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत इष्टिमेट तयार गरी क्रियाकलाप सञ्चालन गरिनेछ।

(ङ) Revetments निर्माण, Spurs निर्माण, Flow Retarding संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट Flood Plain Stabilization गर्ने कार्य, बाँधमा घाँस/बाँस लगायतका विरुवा लगाउने र संरक्षण गरिने क्षेत्रमा तारवार गर्ने कार्य।

(च) स्थानीय तहसंगको समन्वयमा जनसहभागिता परिचालन गरी योजना सन्चालन गर्नुपर्नेछ।यस कार्यमा नियमानुसार जनशक्ति व्यवस्थापन र खर्च गरिनेछ ।

(३)वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
बन तथा वातावरण मन्त्रालय
जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

तयारी, ग्ले.ई तयार, कार्यान्वयन, आदि। प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(५)नदीकिनार सुदृढिकरण भई भू संरक्षणबाट धनजनको क्षति न्यूनीकरण हुने ।

**११६. संरक्षण पोखरी/भल छोप्ने पोखरी (Runoff Harvesting Dam) निर्माण/मर्मत:**(१)जलाधार महत्त्वका संरक्षण पोखरी निर्माण/मर्मत सहयोग गर्न यो कार्यक्रम राखिएको हो।

(२)यस कार्यक्रम अन्तर्गत सार्वजनिक स्थलमा नयाँ पोखरी निर्माण, पोखरी मर्मत तथा आवश्यक जलाधारीय संरक्षणका कार्यहरु सञ्चालन गर्ने।

(३)आवश्यकताको पहिचान गरी सम्भाव्यता र प्राथमिकताको अधारमा वन क्षेत्र भित्र वा बाहिर रहेका ताल पोखरी तथा जलाधारको संरक्षण तथा व्यवस्थापनको लागि सम्वन्धित उपभोक्ता समिति वा नियमानुसार प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ। साथै उक्त कार्य सम्पादनको लागि आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित रकम तपसिलका कार्यक्रम सम्पादन गर्न खर्च गर्न सकिनेछ ।

(क) धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यावरणिय महत्त्वका ताल, नदी जलाशय संरक्षण तथा व्यवस्थापनमा खर्च गरिनेछ। जलाधार व्यवस्थापनको लागि नयाँ पोखरीको निर्माण तथा पुराना पोखरीहरुको मर्मत समेत गर्न सकिनेछ ।

(ख)जैविक विविधताले महत्त्वपुर्ण रहेको जलाशयको संरक्षण समेतमा खर्च गर्न सकिनेछ।

(४) वन तथा वातावरण मन्त्रालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट जनशक्तिको व्यवस्थापन गरिनेछ।

(५)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६)धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा जैविक विविधताको दृष्टिकोणले जलाधारीय महत्त्वका ताल तलैया तथा पोखरीहरुको संरक्षण तथा विकास भई जलवायु वा वातावरणीय सन्तुलन कायम हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम

११७. चुरे जोगाउ मधेश बचाउ कार्यक्रमः (१)चुरेको विनाशले नेपालीहरु प्रत्यक्ष रूपले वातावरणीय तथा आर्थिक जोखिममा रहेका छन् । जैविक विविधताले धनी रहेको यो क्षेत्र अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन विनाश, अवैज्ञानिक भू-उपयोग, खेती प्रणाली, पशुपालनले गर्दा उच्च जोखिममा रहेको त्यसैले चुरे संरक्षण तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो।

(२)यसको लागि नदि प्रणालीमा आधारित एकीकृत योजना तर्जुमा गरी चुरेको पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम हुने गरी माथिल्लो र तल्लो तटीय क्षेत्रको जीविकोपार्जनमा टेवा पुऱ्याउने र नदीजन्य प्रकोपको न्यूनीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने लक्ष्य रहेको छ।

(३)यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका जनचेतनामूलक र संरक्षणका अभ्यासहरु गर्न सकिनेछः-

(क)जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचारप्रसार, अन्तरकृया, गोष्ठी,तालिम सञ्चालन गर्न सकिनेछ।

(ख)वन वातावरण, भू-संरक्षण अन्तर्गत संरक्षण, व्यवस्थापन, लगायतका कार्यक्रमहरु।

(ग) चुरेको बिग्रदो भु–बनोटको संरक्षणको लागि आवश्यकतानुसार गल्छि पहिरो नियन्त्रण, खहरे नियन्त्रण, इनार कुवाँ, खानेपानी मुहान संरक्षण, सिंचाई कुलो, रन अफ हार्भेष्टिंग ड्याम निर्माणका कार्यहरु नदी प्रणाली कार्ययोजनामा आधारित रहि चुरे क्षेत्र देखि दश गजा सम्म सञ्चालन गर्न सकिनेछ ।

(घ) भिरालो जमिनमा कन्टुर फारमिङ्ग/contour trenching/wattling

(ङ) बिरुवा उत्पादन तथा वृक्षारोपण।

(च) बाँस/घाँस/फलफूल विरुवा वितरण/रोपण ।

(छ) संरक्षण पोखरी,

(४)वन तथा वातावरण मन्त्रालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ/संस्थासँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)मधेश प्रदेशमा चुरे संरक्षण तथा व्यवस्थापन कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनेछ।

जीवनाथ पौडेल
प्रदेश सचिव

वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**११८. नदीको जलाधार व्यवस्थापन योजना तयारीः**(१)जलाधार व्यवस्थापन योजना भनेको जलाधार क्षेत्रको दिगो वितरण र जलाधार क्षेत्रभित्रका वनस्पति, जनावर र मानव समुदायलाई असर गर्ने जलाधार कार्यलाई निरन्तरता दिन र वृद्धि गर्न योजना, कार्यक्रम र परियोजनाहरू सिर्जना र कार्यान्वयन गर्ने प्रक्रियालाई लक्षित गरी तोकिएका जलाधारको सान्दर्भिक विशेषताहरूको अध्ययन गर्न बनाईने कार्ययोजना हो ।

(२)जलाधार व्यवस्थापनका कार्यहरुमा पानीको आपूर्ति, पानीको गुणस्तर, ढल निकास, वर्षाको पानीको बहाव, नदिको अधिकार र जलाधारको समग्र योजना मार्फत कार्यक्रमको तर्जुमा गरी अनुमानित लागत समेतको निक्र्यौल गरी अगामी दिनहरुमा जलाधार व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने।

(३)सेवा प्रदायक संस्था मार्फत सार्वजनिक खरिद ऐन र नियमावलीले गरेको व्यवस्था अनुसार कार्यक्रम संचालन गरिनेछ ।

(४)वन तथा वातावरण मन्त्रालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ/संस्थासँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)योजनावद्ध तरिकाले एकीकृत जलाधार व्यवस्थापन मार्फत जलको उपलब्धतामा अभिवृद्धि हुने ।

**११९. शहरी जलाधार व्यवस्थापन कार्यक्रमः**(१)भू उपयोगको परिवर्तन, प्राकृतिक स्रोतको अत्यधिक दोहन, अव्यवस्थित भू उपयोग, अनियन्त्रित पूर्वाधार विकास र शहरीकरण लगायतका कारणले पानीको मुहान, पानीको परिमाणात्मक एवम् गुणात्मक उपलब्धतामा आएको समस्याले पानीको अभाव, प्रदूषित पानी र अत्यधिक एवम् अति न्यून पानीबाट सिर्जित प्रकोप लगायतका समस्याहरुबाट मधेश प्रदेशमा वर्षेनी ठुलो धनजनको क्षति हुने गर्दछ । कुनै पनि मानववस्ती एवम् शहरी विकासको आधारभूत आवश्कयता भनेको पर्याप्त र सफा पानीको निरन्तर एवम् समयमा उपलब्ध हुनु हो । शहरीक्षेत्रका समुदायको आवश्यकता र सो क्षेत्रसंग जोडिएको उपल्लो तटीय क्षेत्रको पानी ढलोले घेरिएको जलाधार क्षेत्रको संवेदनशीलतालाई सम्बोधन गरी जलका लागि जलाधार भन्ने मर्म अनुरुप नवीनतम कार्यक्रमको रुपमा शहरी जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न लागिएको छ।यो कार्यक्रम कार्यक्षेत्रको कुनै एक पालिकामा मात्र केन्द्रित भई सञ्चालन गरिनेछ।

(२) शहरीक्षेत्र केन्द्रित एवम् उपल्लो तटीय जलाधारक्षेत्र केन्द्रित एकीकृत जलाधार व्यवस्थापनका कार्यहरु अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन् ।

(क)**प्राकृतिक प्रकोप रोकथामः** गल्छी/पहिरो/खहरे रोकथाम, खोला/नदीकिनार संरक्षण

(ख)**दिगो भू व्यवस्थापनः** क्षतिग्रस्त भूमि पुनरोत्थान, भल व्यवस्थापन, फलफूल/घास/डालेघास रोपन, संरक्षण वृक्षारोपण, दिगो माटो व्यवस्थापन आदि

(ग) **जल तथा गेग्रान व्यवस्थापनः** भूमिगत् जल पुनर्भरण संरचना निर्माण, सिल्टेसन व्यवस्थापन, पानीढल/वर्षाझरी तथा बहाव संकलन पोखरी, चेकडयाम निर्माण, पानीको ढल निकास व्यवस्थापन, शहर क्षेत्रको पोखरी सरसफाई आदि

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

(घ) जलवायु परिवर्तन अनुकूलन/समानुकूलन विकास कार्य: पानीमुहान संरक्षण, जलाधार पुनर्स्थापना, संरक्षण पोखरी निर्माण, भलपानी संकलन पोखरी निर्माण, सिमसार संरक्षण आदि

(ङ) विकासका पुर्वाधार संरक्षण: सिंचाईकुलो संरक्षण, सडकसँगै भू संरक्षण आदि

(च) अध्ययन अनुसन्धान तथा प्रचार प्रसार: बायोइन्जिनियरिङ्ग तथा हरित प्रविधिको विकास, जलको परिमाण अध्ययनको लागि इनार उत्खनन, संरक्षण प्रदर्शन, चेतना अभिवृद्धि कार्यक्रम

(३)कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि मुख्यरुपमा भू तथा जलाधार व्यवस्थापन कार्यालयको भूमिका रहनेछ ।कार्यक्रम सञ्चालनको लागि शहरी जलाधारसंग सम्बन्ध रहने विभिन्न तहको सरकारी निकाय, विकास साझेदार, गैहसरकारी निकाय तथा स्थानीय समुदाय र संघसंस्था समेतको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तयारी तथा कार्यान्वयन गरिनेछ । व्यवस्थित तरिकाबाट सञ्चालनको लागि निम्नानुसार गरिनेछ।

(क)शहरी जलाधार व्यवस्थापन बारे स्थानीय सरोकारवालाहरुसँग अन्तरक्रिया

(ख)शहरी जलाधार क्षेत्र नक्शांकन

(ग) पानीस्रोतको अवस्था सर्वेक्षण

(घ) शहरी जलाधार व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन

(ङ) अनुगमन तथा मूल्याङ्कन

(च) प्रतिवेदन तयारी तथा पार्श्वचित्र (Activity Profile) प्रकाशन

(४)भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट जनशक्तिको व्यवस्थापन गरिनेछ ।
(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।
(६)शहरी तथा शहरोन्मुख क्षेत्रमा पर्याप्त र सफा पानीको उपलब्धता, विपद न्यूनीकरण र व्यवस्थित जलाधारबाट प्राप्त हुने वातावरणीय सेवाको सुनिश्चितता हुने। शहरीक्षेत्रमा उपलब्ध हुने पानीको स्रोत संरक्षण, पानीको मात्रामा बढोत्तरी तथा भूमिको उत्पादकत्वमा वृद्धि हुने तथा माटो र पानीको संरक्षणबाट जलाधार व्यवस्थापन भई प्राकृतिक सन्तुलन र जीवनयापनमा टेवा पुग्न जाने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

**१२०.खानेपानी तथा सिंचाई व्यवस्थापन प्रणाली संरक्षण कार्यक्रमः**(१)यस कार्यक्रम अन्तर्गत सम्वन्धित जलाधार/उपजलाधार/नदि प्रणालीको प्रभावित स्थानमा नियमित रुपमा सफा पानीको पर्याप्त उपलब्धता सुनिश्चित गर्दै स्थानिय खेतिपाती लगायतका कृषी कार्यका लागी सिंचाई व्यवस्थापन प्रणाली समेतको व्यवस्था गरिनेछ ।

(२) पानी मुहान संरक्षण, स्टोरेज टयाँकको निर्माण, ह्याण्ड पाईप गाड्ने कार्य, अभरहेड टयाँकी/कुवा उत्खन्न/मर्मत/संरक्षण, सिंचाई कुलो निर्माण/मर्मत/संरक्षण खानेपानी तथा सिंचाई कार्यको लागी डिप वोरिगँ, विधुतिय मोटरको जडान लगायत अन्य आवश्यक कार्यहरु गर्न सकिने छ । यो कार्यक्रम अन्तरगत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यक्तानुसार जोखिमको प्रकृती र उपयुक्तता हेरी सम्वन्धित उपभोक्ताहरुको आमभेलावाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माण संग सम्वन्धित अन्य कुनै समितिवाट कार्य सञ्चालन गराउनु पर्नेछ ।उपभोक्ता समूह वा समितिबाट उल्लेख भएको विधि सम्वन्धमा प्रदेश सरकारले तोके बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

सोको लागी कार्यालयले पहिचान गरेको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्मस्, जिल्ला दर रेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् उपभोक्ता समुहको निर्णय, कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोग्राफहरु, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारीश सहित संलग्न गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३)भू तथा जलाधार व्यवस्थापन कार्यालयको विधमान जनशक्ति तथा सेवा प्रदायक संघ/संस्थासँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(५)एकीकृत जलाधार व्यवस्थापन मार्फत जलको उपलब्धतामा अभिवृद्धि हुने ।

**१२१. एकीकृत भू संरक्षण कार्यक्रमः**(१)बायो ईन्जिनियरिंग पद्धति अपनाई भू संरक्षणका कार्यहरु एकिकृत रुपमा प्याकेजको रुपमा सञ्चालन गरिनेछ।

(२)यस कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक तथा निजी जग्गामा पहिरो/भूक्षय/पानी जम्ने/खोलाकिनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पोखरीहरुको बिग्रदो अवस्था/गाउँबस्तीमा वाढी पस्ने/कृषि भूमिमा सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका आयामहरुको एकीकृत प्रयोग गरी भू–क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी स्थानीय जनतालाई राहत पुर्याउने रहेको छ ।

(३)स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी सम्वन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माण सँग सम्वन्धित अन्य कुनै समितिवाट कार्य सञ्चालन गराउनु पर्नेछ । Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Deep Boaring, Shallow Tube

जीवनाथ पौडेल
प्रदेश सचिव

Well, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, Well etc.जस्ता प्राविधिक कार्यहरु गर्न सकिनेछ । उपभोक्ता समूह वा समितिबाट उल्लेख भएको विधि सम्वन्धमा मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०८/१७ गतेको निर्णय नं. ४ को प्रतिकूल हुने गरी क्रियाकलाप सञ्चालन गर्न पाइने छैन । उपभोक्ता समूह वा समितिबाट कार्यक्रम/कृयाकलापहरु सञ्चालन गरी गर्नु पर्ने भएमा अनुसुची ५ देखी अनुसुची ७ सम्मका फारम प्रयोग गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समूहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोहरु, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिस सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ । चुरे क्षेत्रको लागि तोकिएको एकीकृत भू-क्षय नियन्त्रण कार्य सम्बन्धी कार्यक्रम चुरे क्षेत्रमा नै सञ्चालन गर्नुपर्नेछ ।

(४)वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)भू-क्षय नियन्त्रण भई भुमिको उत्पादकत्वमा वृद्धिका साथै धनजनको क्षति न्यून हुनेछ ।

**१२२.तालतलैया/पोखरी/जलाशय/दह निर्माण संरक्षण:**(१)जलाधार महत्वका ताल तलैया/पोखरी/जलाशय/दहको निर्माण र मर्मतमा सहयोग गर्न यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम तोकिएको स्थानमा वा संभाव्य आवश्यकताको पहिचान गरी प्राथमिकताको आधारमा वनक्षेत्र भित्र वा बाहिर रहेका ताल, पोखरी तथा जलाशयको संरक्षण तथा व्यवस्थापनको लागि यो कार्यक्रम संचालन गरिनेछ ।

(२)यस कार्यक्रम अन्तर्गत सार्वजनिक स्थलमा नयाँ तालतलैया/पोखरी/जलाशय/दह निर्माण, पुर्व निर्मित ताल तलैया/पोखरी/जलाशय/दहको मर्मत तथा आवश्यक जलाधारीय संरक्षणका कार्यहरु सञ्चालन गरी जमीन माथि र जमीन मुनि पानीको उपलब्धता सुनिश्चित गर्ने ।

(३)यस कार्यक्रम अन्तर्गत पोखरी वा जलाशयको पानी संचय वा रिचार्ज क्षमता वढाउने कार्य, जलाशयमा पानीको Inlet तथा outlet को निर्माण जस्ता स्थानिय तथा प्राविधिक आवश्यकता अनुसारको कार्यक्रमहरु संचालन गरिनेछ । नियमानुसारको प्रकृया मार्फत प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ । साथै उक्त कार्य सम्पादनको लागि आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ । यस अतिरिक्त यस कार्यक्रममा बिनियोजित रकम तपसीलका कार्यक्रम सम्पादन गर्न समेत खर्च गर्न सकिनेछ ।

(क)धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका ताल, दह, नदी जलाशय संरक्षण तथा व्यास्थापनमा खर्च गर्न सकिनेछ ।

(ख)जैविक विविधताले महत्वपुर्ण रहेको जलाशयको संरक्षण समेतमा खर्च गर्न सकिनेछ ।



जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम

(४)भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरुबाट कार्यक्रम संचालनको लागि जनशक्ति व्यवस्थापन गरिनेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३ को विनियोजित बजेट अनुसार हुनेछ।

(६)धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा जैविक विविधताको दृष्टिकोणले जलाधारीय महत्वका ताल तलैया तथा पोखरीहरुको संरक्षण तथा विकास भै जलवायु जलवायु अनुकूलन कार्यमा सहयोग पुग्ने ।

**१२३. सामुदायिक वन क्षेत्रमा पानी सिचाई कुलोको लागि डयाम निर्माण:**(१)चुरे क्षेत्रबाट निस्केका तथा सामुदायिक वन क्षेत्र भई बग्ने नदीहरूबाट वर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता खोला किनारमा समस्याहरू हुने गर्दछन । यसतो वहावले गर्दा स्थानीय कृषी कार्यको लागि सामुदायिक वन क्षेत्र भई निर्माण गरी संचालनमा रहेका सिंचाई कुलोहरु समेत प्रभावित हुने गर्दछ । यस्ता समस्याहरूलाई सम्बोधन गर्न यो कार्यक्रम राखिएको हो ।

(२)कार्यक्रम सञ्चालन प्रक्रियाः

(क)यो कार्य सञ्चालन गर्दा बायो–इन्जिनियरिङ्ग प्रविधिको साथै तटबन्ध, स्पर र चेकडयाम आदि जस्ता सिभिल संरचनाहरू निर्माण गर्न सकिनेछ ।

(ख)नदी/खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी संरचना (डयाम) निर्माण गर्नु पर्नेछ र प्राविधिक रूपमा आवश्यक पर्ने लंचिंग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ ।

(ग) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म सिंचाई कुलो तथा आवश्यक भएमा नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ ।

(घ) यो कार्यक्रम सञ्चालनका लागि स्थलगत अवलोकन पश्चात गर्न सकिने क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत इष्टिमेट तयार गरी क्रियाकलाप सञ्चालन गरिनेछ ।

ध्यान दिनुपर्ने प्राविधिक पक्षः

(क)नदी/खोलाको कुनै एक किनारा संरक्षणको लागि निर्माण गरिएको संरचनाको कारण अर्को किनारा तर्फ क्षति नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख)नदीको गहिराई बढ्दा दायाँ बायाँ निर्मित संरचनाहरू भत्किने हुँदा नदी खोलाको गहिराई नियन्त्रणमा समेत ध्यान दिई संरचना डिजाईन गर्नु पर्नेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

नियमानुसारको प्रकृया मार्फत प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ । साथै उक्त कार्य सम्पादनको लागि आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

(३) कार्यक्रम संचालन गर्न जिम्मेवारी तोकिएको कार्यालय वा निकायका कर्मचारीहरुवाट कार्यक्रम संचालनको लागि जनशक्ति व्यवस्थापन गरिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(५) पानीको उचित व्यवस्थापन एवम् सदुपयोग हुनुका साथै ड्याम निर्माणबाट जलजन्य विपद व्यवस्थापन हुने।

**१२४. रिचार्ज पोखरी निर्माणः**(१)माटोमा चिस्यान कायम गर्न जलाधारीय महत्वका वर्षाको पानी संकलन गर्ने तथा भल छोप्ने पोखरीको निर्माण गर्न यो कार्यक्रम राखिएको हो । बहुउद्देश्यीय रिचार्ज पोखरीहरूले प्राकृतिक माटोको आर्द्रता र जमिनको पानी जलाशयहरूमा पुनःपूर्ति गरेर स्थानीय स्तरमा पानी आपूर्तिको अस्थायी असंतुलनलाई आंशिक रूपमा सन्तुलित गर्न कम लागतको विकल्पको रुपमा यो कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमले सुख्खा मौसमको अतिरिक्त वर्षाको पानी भण्डारणमा सहयोग पुर्याउने छ ।

(२)यस कार्यक्रम अन्तर्गत सुख्खा उपयुक्त स्थानहरुमा नयाँ पोखरी निर्माण गरिनेछ । सार्वजनिक स्थानमा मात्र निर्माण गरिने यस्तो पोखरीमा वर्षाको पानी संकलन गर्न तथा भलको पानी संकलन गरी स्थानिय आवश्यकताको लागि पानी उपलब्धता गराउनु यस कार्यक्रमको उदेश्य रहेको छ ।

(३)यो कार्यक्रम तोकिएको स्थानमा संचालन गरिनेछ वा संभाव्य आवश्यकताको पहिचान गरी प्राथमिकताको अधारमा वन क्षेत्र भित्र वा बाहिर जल पुनर्भरण पोखरी निर्माण गरिनेछ । यस कार्यक्रम अन्तरगत पोखरी वा जलाशयको पानी संचय वा रिचार्ज क्षमता वढाउने कार्य, पोखरीको डिल निर्माण वा मर्मत कार्य, डिलमा वायोइन्जिनियरिगँ वा वहुआयमिक प्रजातीको बृक्षारोपण, पोखरीमा पानीको Inlet तथा Outlet (Pond Drainage Management) को निर्माण जस्ता स्थानिय तथा प्राविधिक आवश्यकता अनुसारको कार्यक्रमहरु संचालन गरिनेछ । नियमानुसारको प्रकृया मार्फत प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, स्वीकृत नरुस तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ । साथै उक्त कार्य सम्पादनको लागि आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

(४)कार्यक्रम संचालन गर्न जिम्मेवारी तोकिएको कार्यालय वा निकायका कर्मचारीहरुवाट कार्यक्रम संचालनको लागि जनशक्ति व्यवस्थापन गरिनेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)वर्षाको भल व्यवस्थापन भई क्षति न्यूनीकरणका साथै प्राकृतिक एवम् कृत्रिम तरिकाबाट भूमिगत जल पुनर्भरण भई पानीको उपलब्धतामा अभिवृद्धि हुने ।

जीवनाथ पौडेल
प्रदेश सचिव ७८

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

**१२५. भवन (सञ्चालन तथा मर्मत संभार)**:(१)कार्यक्रम संचालन गर्न तोकिएको कार्यालयहरुको कार्यालय भवन निर्माण, मर्मत सुधार कार्य गर्न यो शिर्षकमा बिनियोजित रकम प्रचलित आर्थिक ऐन, नियमको परिधिमा रही खर्च गर्नुपर्नेछ ।

(२)कार्यालयको आफ्नै भवन निर्माण गरी तथा भएको संरचनाको मरम्मत सम्भार गरी सेवा प्रवाहलाई अझ सहज एवं सरलीकृत गर्न ।

(३)प्रचलित आर्थिक ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधीले व्यवस्था गरेको शर्तहरुको पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ । कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

(क)भवन निर्माण तथा मर्मत भएको स्थान र निर्मित भवनको फोटो

(ख)कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति

(ग) कार्यक्रमको वित्तीय प्रगति

(४)भू तथा जलाधार व्यवस्थापन कार्यालयको जनशक्ति वा अन्य सरकारी निकायका बिषयगत प्राविधिक कर्मचारी वा नियमानुसार प्राविधिक कर्मचारीको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)कार्यालयको आफनै भवन निर्माण तथा मर्मत सम्भार भई सेवाग्राहीमैत्री वातावरण सिर्जना भई कार्यालय सञ्चालनमा सहजता हुनेछ ।

**१२६.पत्र पत्रिका छपाई खर्च एवं सूचना प्रशारण (एफ.एम. बाट)**:(१)संचालनमा रहेको दैनिक, सासाहित, पाक्षिक पत्र पत्रिका, विभिन्न संघसंस्थाहरुको भित्ते पात्रो तथा स्थानिय एफ.एम.हरु सँगको सहकार्यमा प्रदेश भित्रका जिल्लाहरुको वन तथा वातावरण, जलाधार, जैविक विविधता, जलवायू परिवर्तन, चुरे संरक्षण, वन्यजन्तु संरक्षण, कार्यालयको आन्तरिक प्रशासनिक कार्य लगायतका विषयगत क्षेत्रहरुको तथ्यपरक जानकारीहरु सम्वन्धी सुचना तयार गरी प्रकाशन गर्ने कार्यहरु गरिनेछ ।

(२)नियमानुसार सञ्चालनमा रहेका पत्रपत्रिका, संघसंस्थाको प्रकाशन तथा एफ. एम. रेडियोहरु मार्फत प्रचलित कानुनमा भएको व्यवस्था अनुसार कार्यक्रम संचालन गरीनेछ ।

(३)यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४)कार्यालयको भए गरिएका गतिविधि बारे सर्वसाधारणमा सुचनाको हकको सुनिश्चितता भई सुशासन अभिवृद्धि हुने।

**१२७. Website Upgradation**:(१)पुरानो कार्यालयको हकमा Website upgradation तथा नयाँ कार्यालयको हकमा नयाँ Website को निर्माण गर्न यो कार्यक्रम संचालन गरिनेछ । निर्माण भई संचालनमा आउने वेवसाईटमा आवश्यकता अनुसार परिमार्जन तथा स्तरोन्नती समेत गर्नु पर्ने हुन्छ ।

(२)कार्यालयहरुको तथ्याङ्कलाई सहज, सरल र पारदर्शी बनाउँदै बिधुतीय माध्यमको सूचना प्रविधि मार्फत सम्वन्धीत डाटा सरोकारवालालाई कार्यालय संग सम्वन्धित तथ्याँक तथा सुचना उपलब्ध गराउने ।

जीवनाथ पौडेल
प्रदेश सचिव

(३)सफ्टवेयर सम्वन्धी मधेश प्रदेश सरकारको छुटै दर रेट नरहेकोले नेपाल सरकार, सुचना प्रविधी विभागको परिपत्र अनुसारको दर रेट बमोजिम नै समानान्तर विज्ञतालाई लिई प्रचलित कानून बमोजिम सेवा प्रदायक मार्फत कार्यक्रम संचालन गरिनेछ । सोही कार्यको लागि कार्यालयले ToR तयार गरेर स्वीकृत गरी सोको शर्त बमोजिम कार्य गर्न ईच्छुक सेवा प्रदायक संस्थासँग नियमानुसार दररेट माँग कार्य अगाडी बढाउनु पर्नेछ ।

(४)भू तथा जलाधार व्यवस्थापन कार्यालयको जनशक्तिबाट सेवाप्रदायक संस्थाबाट वा नियमानुसार प्राविधिक कर्मचारीको सहयोग लिई कार्यान्वयन गरिनेछ।

(५) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(६)उपयुक्त वेबसाईटबाट सर्वसाधारण नागरिकलाई सुचनाको हकको सुनिश्चितता हुने।

**१२८. वन तथा वातावरणसंग सम्वन्धित तालिम/गोष्ठी/अन्तरकृया:**(१)दक्षता अभिवृद्धि, जनचेतना अभिवृद्धिका कार्यक्रम मार्फत कार्यालयको कामकार्वाहीलाई प्रभावकारी बनाउन विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रियाहरु सञ्चालन गरिनेछ । यस अन्तर्गत निम्नानुसारको क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः

(क)कार्यालयको कार्यक्षेत्र भित्रका जिल्लाहरुमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला लगायतका सरकारी क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारीहरुलाई यस्तो तालिम/गोष्ठी/अन्तरकृयामा सहभागी गराउनु पर्नेछ ।

(ख)तालिम/गोष्ठी/अन्तरकृयामा योजना तर्जुमा र समन्वय तथा सहकार्यका संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरु समेटी गोष्ठी सञ्चालन गर्न सकिनेछ ।

(ग) तालिम/गोष्ठी/अन्तरकृयामा विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क, हल भाडा, ब्यानर, सञ्चार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

(२) भू तथा जलाधार व्यवस्थापन कार्यालयको जनशक्तिबाट कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(४) सरोकारवालाहरु माझ कार्यालयको गतिविधिहरु बारे सुचनाको सम्प्रेषण भई सुशासनको सनिश्चितता हुने।

**१२९. विभिन्न दिवस, सप्ताह, महोत्सव तथा समारोह:**(१)विभिन्न संरक्षण दिवस, समोरोह, महोत्सको आयोजना गरी प्राकृतिक स्रोत संरक्षण एवम् व्यवस्थापनका महत्व उजागर गरी यसको संरक्षण र सदुपयोगमा सरोकारवालाहरुको संलग्नतामा अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२)यस कार्यक्रममा निम्नानुसारका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः

जीवनाथ पौडेल
प्रदेश सचिव

शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(क) वन तथा वातावरण, जलाधार, जैविक विविधता, जलवायू परिवर्तन लगायतका विषयहरुमा जनचेतना अभिद्धि, सबैको सहकार्य तथा आम बुझाई निर्माण गर्न तोकिएको वा आवश्यकता अनुसार वा निर्देशनानुसार विभिन्न दिवस, समारोह, महोत्सव वा उत्सवको कार्यक्रमहरु यस कार्यक्रम अन्तरगत संचालन गरिनेछ ।

(ख) कार्यालयको कार्य क्षेत्र भित्रका जिल्लाहरुमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला लगायतका सरकारी क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारीहरुलाई कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

(ग) कार्यक्रमको लागि योजना तर्जुमा र समन्वय तथा सहकार्यका संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरु समेटी गोष्ठी सञ्चालन गर्न सकिनेछ ।

(घ) कार्यक्रमको लागि विनियोजित रकम सहभागीको भत्ता, खाजा, समन्वय भत्ता, सेसन शुल्क, हुल भाडा, व्यानर, सञ्चार, स्टेशनरी, आवश्यक समाग्री आदिमा स्वीकृत नम्र्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

(३) भू तथा जलाधार व्यवस्थापन कार्यालयको जनशक्तिवाट कार्यान्वयन गरिनेछ।
(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।
(६) सरोकारवालाहरु माझ वन तथा वातावरण, जलाधार, जैविक विविधता, वन्यजन्तु संरक्षण, जलवायू परिवर्तन लगायतका विषयहरुमा जनचेतना अभिद्धि भई यिनको संरक्षण सम्वर्द्धनमा प्रभावकारिता अभिवृद्धि हुने।

**१३०. वन तथा खोला क्षेत्रमा वृक्षारोपण कार्यः**(१) वृक्षारोपण गरी वनक्षेत्र विस्तार, भू–क्षय नियन्त्रण, हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा जग्गाको सदुपयोग गर्नुको साथै हरियाली अभिवृद्धि गर्ने ।
(२) यस अन्तर्गत वृक्षारोपणका लागि उपलब्ध जग्गाहरु गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, सडक किनार, हैसियत बिग्रेको वन क्षेत्र (२० प्रतिशतभन्दा कम क्राउन कभर भएको) एवं नदी उकासबाट प्राप्त जग्गाहरु पहिचान गर्ने । वन क्षेत्रमा खाली जग्गा भएका समूहबाट वृक्षारोपणका लागि माग गरेको निवेदन लिने । कार्यक्रम संचालन गर्ने जिम्मेवारी तोकिएको कार्यालयले सर्भे नक्सा तयार गरी क्षेत्रफल अनुसार लागत अनुमान तयार गर्ने । यस कार्यक्रम अन्तर्गत उपलब्ध हुने जग्गा स–साना टुक्रामा विभाजित हुन सक्ने भएकोले यहाँ गरिने वृक्षारोपणको संरक्षण कार्य केही खर्चिलो हुन सक्छ । त्यसैले राष्ट्रिय वनक्षेत्र बाहिर यस्ता वृक्षारोपणको व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य, स्थानीय संघसंस्था परिचालन, उपभोक्ता समूहको गठन वा विपन्न वर्गको समूह गठन गरी केही समयका लागि अन्तरबाली लगाउन दिई सोही समूह मार्फत वृक्षारोपण संरक्षण एवं व्यवस्थापन सम्झौता गरी सञ्चालन गर्न सकिनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश,जनकपुरधाम

प्रचलित नर्म्स अनुसार वृक्षारोपण कार्य सम्पन्न गर्दा सम्वन्धित समूहलाई प्रति हेक्टर उपलब्ध हुन सक्ने रकम उपलब्ध गराउने गरी सम्झौता गर्ने । वृक्षारोपण क्षेत्रलाई तारबार, जैविक बारबाट संरक्षण गर्नु पर्ने भएमा स्वीकृत जिल्ला दररेट तथा नर्म्स अनुसार लागत अनुमान तयार गर्ने र उपभोक्ता समूहसँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्नेछ । वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (घेराबेरा, गोडमेल, पुनरोपण, सिंचाई, हेरालु आदिको) उपाय अवलम्बन गर्नुपर्नेछ । बस्ती देखि टाढा रहेका सरकारी एवं नाङ्गो वन क्षेत्रमा वृक्षारोपण एवं यसको संरक्षण तथा व्यवस्थापन कार्य सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ ।

(क) **वृक्षारोपण क्षेत्र संरक्षण:** वृक्षारोपण क्षेत्रको संरक्षणको लागि घेराबेरा गर्दा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैविक सामाग्रीहरु जस्तै–सजिवन, निलकाँडा, बाँस र आवश्यकता अनुसार तारबार, मेस वायर, सडक किनारमा ट्री गार्ड आदिको प्रयोग गर्नुपर्दछ, साथै आवश्यकता अनुसार वन हेरालुको समेत ब्यवस्था मिलाउनु पर्दछ । यसमा वन ब्यवस्थापन तथा संरक्षण गर्न जिम्मा पाएको संघसंस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको ब्यवस्थापनको अवस्था र बाँचेको बिरुवाको संख्याको आधारमा बढीमा तीन वर्षसम्म संरक्षण अनुदान/पारिश्रमिक दिन सकिनेछ ।

(ख) **वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डः** वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्वन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड अनिवार्य तयार गरी राख्नु पर्नेछ ।

(३)यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार वा अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सम्बन्धित कार्यालयको प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई कार्यान्वयन गरिनेछ ।

(४) यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट आ.व.२०८२/०८३को विनियोजित बजेट अनुसार हुनेछ।

(३)अपेक्षित उपलब्धि

(क)सरकारी एवं नाङ्गा वनक्षेत्र, सार्वजनिक पर्ति एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा वृक्षारोपण भई वन क्षेत्र वृद्धि तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग हुनेछ ।

(ख)रोपण गरिएका बिरुवाहरुको बाँच्ने र हुर्कने संभावना बढेर जानेछ ।

(ग) स्थानिय जलाधारीय अवस्थामा सुधार आउनेछ ।

जीवनाथ पौडेल
प्रदेश सचिव

मा. शंकर प्रसाद चौधरी
मन्त्री
तथा ... मन्त्रालय
... जनकपुरधाम

**१३१. पोखरी घाट निर्माण, संरक्षण तथा व्यवस्थापन:**(१)पर्यटकीय महत्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक, प्राकृतिक पोखरीहरुको मर्मत, संरक्षण, निर्माण, सौन्दर्यीकरण गर्नको लागि यो कार्यक्रम संचालन गरिनेछ ।

(२)जलाधारीय महत्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक तथा प्राकृतिक पोखरीमा घाट निर्माण गरी व्यवस्थापन गर्ने ।

(३)तोकिएको स्थानमा कार्य संचालनको लागि जिम्मेवारी तोकिएको कार्यालयवाट प्रचलित नर्म्स, जिल्ला दररेट, आर्थिक ऐन, नियम तथा कार्यविधि बमोजिम कार्य सञ्चालन गरिनेछ । कार्यक्रम उपभोक्ता समूह/समितिबाट, अमानतबाट, कोटेसनबाट, ठेक्कापट्टाबाट सञ्चालन गरिनेछ । उपभोक्ता समूह वा समितिबाट उल्लेख भएको विधि सम्वन्धमा प्रदेश सरकारले तोके बमोजिमको प्रकृया अपनाउनु पर्नेछ । डि.पी.आर. गर्नु पर्ने भएमा नियमानुसार कार्य सञ्चालन गरिनेछ ।

(४)जिम्मेवारी तोकिएको कार्यालयका ईन्जिनियरिङ्ग सेवाका निर्माण कार्य सम्वद्ध कर्मचारीहरुद्वारा विभिन्न उपभोक्ता समूह/समिति मार्फत यो कार्य गर्नुपर्नेछ ।

